**संविधान दिवस, २०८०**
**भव्यरूपमा मनाऔं ।**
संविधान दिवस २०८० को अवसरमा असोज २, ३ र ४ गते विभिन्न कार्यक्रमको आयोजना गरौं । घर तथा कार्यालयमा दीपावली गरौं ।
नेपाल सरकार
विज्ञापन बोर्ड

**PRATEEK DAILY**

# प्रतीक

दैनिक

राष्ट्रिय 'क' वर्ग

eprateekdaily.com



निशुल्क प्रतीक दैनिक पढ्न चाहनुहुन्छ भने लग अन गर्नुहोस् ।
eprateekdaily.com

❖ वर्ष ३७ ❖ २०८० असोज ०४ गते बिहीवार // मृत भस्म नबन्दैमा झिल्को भैकन बल्नुछ // 2023 September 21 Thursday ❖ मूल्य ५/- ❖ पृष्ठ सङ्ख्या ६ ❖ अङ्क ३३

## नेपाल–भारत मितेरीपुलमा एसएसबीको चेकजाँच

प्रस, वीरगंज, ३ असोज/

नेपाल–भारतको सीमास्थित मितेरीपुलमा भारतको सीमा सुरक्षा बल चेकपोस्ट राखी चेकजाँच गर्न थालेको हो ।

सो चेकपोस्ट स्थायी हो वा अस्थायी नोटको कारोबार हुन सक्ने सम्भावना देखेर एसएसबीले सो ठाउँमा कडाइका साथ चेकजाँच गर्न थालेको छ ।



नेपाल–भारत मितेरीपुलमा एसएसबीले चेकजाँच गर्दै । तस्वीरः प्रतीक

(एसएसबी)ले चेकपोस्ट राखेपछि अहिले सो क्षेत्र प्रभावित भएको छ ।

विगतमा रक्सौल कस्टम पार गरिसकेपछि एसएसबीले चेकजाँच गर्दै आएकोमा आजदेखि मितेरीपुलमा चेकपोस्ट राखी चेकजाँच शुरू गर्न थालेको छ । केन्द्रको निर्देशन अनुसार भन्सारअगाडि चेकजाँच गर्नुपर्ने प्रावधान अनुसार एसएसबीले मितेरीपुलमा सोबारे केही नखुलाए पनि समाचार स्रोतका अनुसार नेपाल र चीनको सीमानाका तातोपानी खुलेपछि भारतविरुद्धको गतिविधि तीव्र हुने सम्भावना देखेर मितेरीपुलमा एसएसबीले कडाइ शुरू गरेको बताइन्छ ।

स्रोतका अनुसार नेपाल–चीन सीमा क्षेत्रमा सजिलै आवागमन हुन थालेपछि अवैधरूपमा हातहतियार तथा नक्कली

पाकिस्तानबाट नेपालमा आउने व्यक्तिहरू सजिलै भारत प्रवेश गर्न सक्ने भएकोले एसएसबीले चेकजाँच बढाएको स्रोतको दाबी छ । यस विषयमा प्रमुख जिल्ला अधिकारी हीरालाल रेग्मीले भारतले चेकपोस्ट आफ्नो सीमामा राखेकोले यसबारे आफ्नो कुनै आपत्ति नरहेको बताए । उनले भारत भित्रिने व्यक्तिलाई बढी चेकजाँच हुने गरेको बताए ।

## वीरगंज कारागारका १७ जना कैदीबन्दीको सजाय मिनाहा

प्रस, वीरगंज, ३ असोज/

संविधान दिवसको अवसरमा वीरगंज कारागारबाट १७ जना कैदीबन्दी रिहा



तस्वीरः प्रतीक

भएका छन् ।

ज्येष्ठ नागरिकको हकमा ४० प्रतिशत कैद सजाय भुक्तान तथा अन्यको हकमा ५० प्रतिशत कैद सजाय भुक्तान गरिसकेका व्यक्तिहरूको कैद सजाय मिनाहा गरिएको कारागार प्रशासनले जनाएको छ ।

वीरगंज कारागार प्रशासन अनुसार लागूऔषध मुद्दामा जगरनाथपुर गाउँपालिका–४ का राजेश्वर यादव, बहुदरमाई नगरपालिका–९ का समधिन मियाँ, कर्तव्य ज्यान मुद्दामा सोही नपा–७ का चन्द्रिका अहिर, बारा, कलैया उमनपा–४ का मजिर अन्सारी, सिम्रौनगढ नपाकी हसिना खातुन, गर्भपतन मुद्दामा बारा, विश्रामपुर गापा–५ की मनोरखा देवी, पशुपतिया देवी, सवारी ज्यान मुद्दामा जीतपुरसिमरा उपमनपा–११ का बालेश्वर चौधरी, टिटाइ गौरो, रोशनकुमार सहनी, दीपककुमार साह, रामपुकार महतो, अमर साह, सागर पटेल, निलेश महतो केवट, बलवीर सिंह, सुरेन्द्र महराको कैद सजाय मिनाहा गरी रिहा गरिएको कारागार प्रशासनले जनाएको छ ।

## बलिदानी दिवसको अवसरमा शहीदहरूको सम्मान



तस्वीरः प्रतीक

प्रस, वीरगंज, ३ असोज/

संविधान दिवसको अवसरमा विभिन्न दलका नेताहरूले शहीदपार्कमा पुगी बलिदानी दिवस मनाएका छन् ।

जनता समाजवादी पार्टी, पर्साले घण्टाघरस्थित शहीदहरूको प्रतिमामा माल्यार्पण गरी शहीद दिवस मनाएका थिए । सो अवसरमा जसपा, पर्साका अध्यक्ष रामनरेश यादव, सचिव तबरेज अहमद, केन्द्रीय सदस्य फिरोज मन्सुरलगायतको सहभागिता थियो ।

त्यसैगरी, जनमत पार्टीले पकाहामैनपुर गाउँपालिका निवासी शत्रुघ्न पटेलको सालिकमा माल्यार्पण गरेको छ । पार्टीका राजनीतिक समिति सल्लाहकार प्रह्लाद गिरी, करीमा बेगम, सिपु तिवारी, ओमप्रकाश सर्राफलगायतको सहभागिता थियो ।

## झन्डोत्तोलन र दीप प्रज्वलनसँगै संविधान दिवस मनाइयो

प्रस, परवानीपुर, ३ असोज/

बाराको प्रसौनी गापाले संविधान दिवस धूमधामले मनाएको छ । गापाले प्रभातफेरी निकालेको थियो भने वृक्षारोपण गरेको थियो ।

गाउँपालिकाको कार्यालय परिसरमा आयोजित कार्यक्रममा गापा अध्यक्ष विनोद जैसवालले २०७२ असोज ३ गते जारी भएको संविधानले नेपाली जनताको हकअधिकार सुनिश्चित गरेकोले यसलाई राष्ट्रिय पर्व सरह नै मान्नुपर्ने बताए । संविधान दिवसलाई कतिपय राजनीतिक दलले कालो दिवसको रूपमा मनाउने गरेकाले उक्त शैली ठीक नभएको बताए । संविधानकै अधिकार उपयोग गरी संसद्मा छिर्ने अनि तलबभत्ता लिने, सरकारी गाडी चढ्ने तर संविधानको विरोध गर्नु न्यायोचित नभएको उनले बताए ।

कार्यक्रममा गापा उपाध्यक्ष किरण देवी, प्रमुख प्रशासकीय अधिकृत सुमितकुमार सिंह, वडाध्यक्षहरू लालबाबू मुखिया बिन, हृदयनारायण साह तेली, याकुब अन्सारी, सन्तोष साह कानूलगायत अवसरमा २०७९ सालको माध्यमिक शिक्षा परीक्षामा पालिकाभरिमा उत्कृष्ट ग्रेड ल्याउने खुटवाजब्दी माविकी छात्रा उषाकुमारी र बेगा साह माविका छात्र



तस्वीरः प्रतीक

अभिषेक गुप्तालाई जनही एक/एक थान ल्यापटपसहित एक/एक थान साइकल पुरस्कार दिइएको थियो भने अन्य उत्कृष्ट चार/चार जना छात्रछात्रालाई नगद २५ हजार पुरस्कार प्रदान गरिएको थियो । साथै कक्षा ८ को परीक्षामा हरेक विद्यालयका पाँच/पाँच जना छात्रछात्रालाई जनही रु पाँच हजार सामग्री वितरण गरिएको थियो । गापा अध्यक्ष जैसवालको अध्यक्षतामा भएको कार्यक्रममा जिल्ला समन्वय समिति, बाराका उपसभापति चन्द्रिका उप्रेती, प्रमुख जिल्ला अधिकारी नवराज सापकोटा, प्रहरी उपरीक्षक सुरेश काफ्ले, सशस्त्र उपरीक्षक टोपबहादुर डाँगीलगायतको सहभागिता थियो ।

**प्रस, निजगढ/**

निजगढ नगरपालिकाको आयोजनामा संविधान दिवस झन्डोत्तोलन र दीप प्रज्वलन गरी मनाइएको छ ।




संविधान दिवसका अवसरमा निजगढ नगरपालिकाद्वारा आयोजित एक कार्यक्रममा कार्यालय परिसरमा झन्डोतोलन र मन्तव्य राख्दै नगर प्रमुख सुरथ पुरी । तस्वीरः जीतलाल श्रेष्ठ

कार्यक्रममा नगरप्रमुख सुरथ पुरीले कार्यालय परिसरमा बिहान झन्डोत्तोलन र साँझमा सामूहिकरूपमा दीप प्रज्वलन जनप्रतिनिधि, कर्मचारी, सुरक्षाकर्मी, शिक्षक, विद्यार्थीलगायतको सहभागिता थियो ।

यसैगरी, राष्ट्रिय शिक्षा दिवसको पुरस्कार दिइएको थियो भने कक्षा १ देखि ९ सम्मका सबै विद्यालयका सबै कक्षाका प्रथम, द्वितीय र तृतीय हुने विद्यार्थीहरूलाई मनोबल बढाउन शैक्षिक

(बाँकी अन्तिम पातामा)

## शिक्षकहरूको शान्तिपूर्ण आन्दोलन शुरू

प्रस, सेढवा, ३ असोज/

शिक्षा विधेयक शिक्षकविरोधी भएको भन्दै मङ्गलवार काठमाडौंमा सडक आन्दोलन शुरू भएको छ । नेपाल शिक्षक



माइतीघरमा आन्दोलनमा सहभागी शिक्षकहरू । तस्वीरः प्रतीक

महासङ्घ केन्द्रीय समितिको नेतृत्वमा आज बिहान १०:३० बजे माइतीघर मण्डलाबाट शान्तिपूर्ण आन्दोलन शुरू भएको थियो ।

सडक आन्दोलन माइतीघरबाट शुरू भई बबरमहल, बिजुलीबजार हुँदै नयाँ बानेश्वरस्थित संसद् भवनतर्फ जान लाग्दा प्रहरीले एभरेस्ट होटेलअगाडि बार लगाएको थियो । सो ठाउँमा केही बेर आन्दोलनकारी र प्रहरीबीच सामान्य विवाद भएको थियो । ७७ वटै जिल्लाबाट अनुमानित एक लाख शिक्षक सहभागी थिए ।

माइतीघर मण्डलामा आन्दोलनमा सहभागी शिक्षक, कर्मचारीहरू अटाउने अवस्था नरहेकोले बानेश्वरमा कोणसभा

(बाँकी अन्तिम पातामा)

**विचारसार एवं सूक्तिहरू**

**मात्र 'शान्ति' खोजौं, 'आवश्यकता' त कहिले पनि पूरा हुँदैन ।**

प्रकाशक : प्रतीक प्रकाशन समूह प्रा. लि., वीरगंज-११
प्रधान सम्पादक : जगदीशप्रसाद शर्मा
प्रबन्ध सम्पादक : विकाश शर्मा
सम्पादक : शत्रुघ्न नेपाल/ खड्गबहादुर श्रेष्ठ (प्रताप)
समाचार सम्पादक : आर. के. पटेल
बारा विशेष प्रतिनिधि : गम्भीरा सहनी
मुद्रकः प्रतीक प्रकाशन समूह प्रा. लि. (अफसेट छापाखाना)
त्रिमूर्ति टोल, श्रीपुर, वीरगंज-१४ (नेपाल), पोस्ट बक्स नं. ७९, फोन नं. ०५१-५२५१२२, ५२३१०५
email: prateekdaily@gmail.com
Website: www.eprateekdaily.com

# अब केही राहत होला कि ?

**सरकारले गठन गरेको अनुचित लेनदेन (मिटरब्याज) सम्बन्धी जाँचबुझ आयोगले असोज १ गतेदेखि नयाँ उजूरी नलिन देशभरका जिल्ला प्रशासन कार्यालयहरूलाई निर्देशन दिएको छ । आयोगका अध्यक्ष गौरीशङ्कर कार्कीले भदौ ३१ गते यस्तो निर्णय भएको र सोलाई पालना गर्न सबै जिल्ला प्रशासन कार्यालयहरूलाई पत्रचार गरेका छन् । मिटरब्याज पीडितहरूले राजधानी काठमाडौंमा पुगेर आन्दोलन गरेपछि सरकारले आयोग बनाएको थियो । आयोगले शुरूमा वैशाख १७ गतेदेखि एक महीनाको अवधि दिएर मिटरब्याज पीडितहरूलाई उजूरी दिन भन्यो र सो समयमा धेरैजनाले उजूरी दिन नभ्याएको ठहर भएपछि गरीबीको रेखामुनि रहेका पीडितहरूको निवेदन लिनेगरी साउन १४ गते सूचना जारी गरेको थियो । सो अवधिदेखि भदौ ३१ गतेसम्म आयोगमा साढे २४ हजारभन्दा बढी निवेदन परेका थिए । मिटरब्याजमा परेका यी निवेदनहरूमध्ये आयोगले यो अवधिमा चार हजार निवेदन मेलमिलापबाट फछ्र्योट गरेको थियो । आयोगले पछिल्लो चरणमा छुटपुट निवेदन दर्ताको अवधि साउन १४ गतेदेखि खुला गरेपछि सो अवधिमा मिटरब्याजको नाममा ठूला कारोबारीहरूको निवदेन बढी परेको थियो । सरकारले गरीब, पीडितहरूलाई राहत दिने उद्देश्यले आयोग गठन गरेर कारबाही प्रक्रिया अगाडि बढाएको थियो । सोहीअनुरूप असली मिटरब्याजीहरूमाथि कारबाहीको गुन्जाइस बढेको थियो ।**

**मिटरब्याजको कारण पूर्वी नेपालका गरीबहरू पीडित थिए । गाउँघरमा गरीबहरूले लिने ऋणको चार/पाँच गुणा बढी ब्याज लिने र ब्याज तिर्न नसक्नेहरूलाई साँवा, ब्याज गरी बढ्ने रकममा थप ब्याज लिने गरिन्थ्यो । उहिले यसरी लिने ब्याजलाई चक्रवर्ती ब्याज भनिन्थ्यो । गाउँघरमा गरीबहरूका लागि वैवाहिक कार्यक्रम, अध्ययन, जीविकोपार्जनका लागि साहुमहाजनहरूले चर्को ब्याजमा ऋण दिने गरेका थिए । यसरी ऋण दिंदा तमसुक गराइन्थ्यो, लेनीको तीनगुणा बढी । तमसुकको अवधि दश वर्ष भएकोले सो अवधिसम्म ऋणीले साँवा, ब्याज तिर्न नसक्दा साहुमहाजनले आफूलाई घाटा हुन सक्ने देखेर तीनगुणा बढीको तमसुक गराउँथे । कथंकदाचित् लिएको ऋण तिर्न नसक्नेविरुद्ध अदालती कारबाही चलाउनुपर्दा सो खर्चसमेतको हिसाबकिताब गरिएको हुन्थ्यो । अदालतले लिएको ऋणको १० प्रतिशत ब्याज मात्र तिर्न लगाउँथ्यो । १० वर्षको तमसुक अवधिमा १० प्रतिशत अदालती ब्याजका कारण तीनगुणा बढीको तमसुक बनाउने प्रचलन पछिल्लो समयमा हराएर गयो । त्यसपछि साहुमहाजनले ऋण दिंदा जग्गा धितो राख्नेभन्दा पनि आफ्नो नाममा रजिस्ट्रेशन गराउन थाले । दिएको ऋणको ब्याज समयमा तिर्न नसकेको खण्डमा जग्गामाथि आफूले नै कब्जा जमाउने उनीहरूको अभिप्राय हो र कतिपय यस कारण पनि घरबारविहीन हुन पुगे ।**

**मिटरब्याजबाट पीडितहरूलाई राहत दिन भनेर गठित आयोगमा पछिल्लो समय लाख, करोडका कारोबार गर्नेहरूको मुद्दाको चाप बढी भयो । कर्मचारीहरूले पनि मालदार पार्टीहरूको फाइल हेर्ने र गरीबहरूलाई पन्छाउन थाले । जिल्ला प्रशासनमा उनीहरूको सुनवाइ भएन । नेता र [redacted] गरीबहरू टाढिँदै गए । अहिले [redacted] गरीबहरूको मुद्दालाई प्राथमिकता [redacted] नहेर्ने, सहकारी, लघुवित्त, [redacted] पनि नहेर्ने गरी निर्णय गरेको छ । [redacted] मुद्दा हेर्ने अधिकारीहरूलाई [redacted] छुटयाउनै गाह्रो भएको थियो ।**

# विश्वमा शान्तिको आवश्यकता र महत्त्व

स्वतन्त्र विचार



सञ्जय साह मित्र
mitrasanjay41@gmail.com

**आज विश्व शान्ति दिवस मनाइरहँदा संसारले अशान्तिका धेरै कारण स्पष्ट देखिरहेको पनि छ । विश्वका कतिपय देश लडिरहेका छन् । लडिरहेका देशलाई सहयोग भइरहेको पनि छ । अझ कतिपय देश लड्नको लागि तयार रहेको पनि पाइएको छ ।**

**ॐ द्यौः शान्तिरन्तरिक्ष, शान्ति पृथ्वीः शान्तिरापः शान्तिरोषधयः शान्तिः । वनस्पत्यः शान्तिविश्वेः देवाः शान्ति, सर्व शान्तिः, शान्तिरेव शान्तिः, सामा शान्तिरेधि ॥**

यसलाई शान्ति मन्त्र भनिन्छ । यस मन्त्रको अर्थ अलिक विस्तारमा बुझौं । आज विश्व शान्ति दिवस हो । यस कारण यसको महत्त्व निकै बढी छ । यो ईश्वरसित गरिने एउटा प्रार्थना हो जसमा आफू र सम्पूर्ण जगत्को शान्तिको लागि प्रार्थना गरिएको छ । जगत्मा शान्ति रहन्छ भने हामीभित्र पनि शान्ति रहन्छ । यस मन्त्रद्वारा प्रार्थना गरिएको छ कि "स्वर्ग लोकमा शान्तिको सञ्चार होस् । आकाश लोकमा शान्ति रहोस् । धरतीमा पनि शान्ति रहोस् । धरतीमा शान्तिको कामनाको अर्थ हो कि भूकम्प, भूस्खलन, बाढी आदिजस्ता अप्राकृतिक घटना नहोओस्, सबैतिर शान्ति रहोस् । जललाई शान्ति होओस् । यसबाट यो पनि स्पष्ट हुन्छ कि अतिवृष्टि, अनावृष्टि नहोस् । यसैगरी वनस्पतिलाई शान्तिको प्रार्थना गरिएको छ । वनस्पतिविना मानव जीवन सम्भव नै नहुने भएकोले यसको पनि शान्तिको कामना गर्दै प्रार्थना गरिएको हो । देवताहरूको शान्तिको लागि पनि यसमा प्रार्थना गरिएको छ । देवीदेवताप्रति यस लोकमा धेरै विश्वास रहेकोले देवी देवताको शान्तिको लागि कामना गरिनु स्वाभाविक हो । साथै आफ्नै लागि पनि प्रार्थना गरिएको छ ।"

यस मन्त्रबाट एकातिर कामना स्पष्ट हुन्छ । यसबाट यो कुरा पनि सिद्ध हुन आउँछ कि जतिखेर यस मन्त्रको परिकल्पना गरिएको थियो, त्यस युगमा पनि शान्तिमाथि विभिन्न क्षेत्रबाट खतरा रहेको थियो । शान्तिको लागि खतरा नभएको भए पनि दीर्घ शान्तिको लागि ईश्वरसित प्रार्थना गरिएको थियो । यसबाट यस कुराको अनुमान लगाउन सजिलो हुन्छ कि यस मन्त्रका स्रष्टा निकै ठूलो द्रष्टा रहेछन् । भविष्यमा कुनकुन पक्षमा शान्तिको आवश्यकता पर्नेछ भन्ने कुराको अनुमान उनले यस मन्त्रमा गरिसकेका छन् । यस मन्त्रले मानिसलाई धेरै कुरामा शान्ति चाहिने बताएको छ । मानिसलाई केवल मानिसको बसोवास रहेको क्षेत्रमा मात्र शान्तिको आवश्यकता हुँदैन । उसको सम्पूर्ण परिवेशमा शान्तिको आवश्यकता हुने कुरालाई यस मन्त्रले स्पष्ट पारेको छ । मन्त्रले ग्रह, नक्षत्र, वनस्पति तथा वातावरण सबै क्षेत्रमा शान्ति चाहिएको बताएको छ । वास्तवमा अहिले हामी एक्काइसौं शताब्दीको पूर्वार्द्धमा यस मन्त्रले सङ्केत गरेको विचारतर्फ दृष्टि दिने हो भने शान्तिको क्षेत्र निकै व्यापक रहेको पाउन सक्छौं । शान्तिसम्बन्धी सनातन दृष्टिकोण निकै विस्तार तथा व्यापक रहेको देखिन्छ । त्यो युग जतिखेर यस मन्त्रको सिर्जना गरिएको थियो, त्यस बेला मानिसले कामना गर्नु, प्रार्थना गर्नुको पनि निकै महत्त्व हुन्थ्यो । यस अर्थमा कि मानिसहरू अहिलेको तुलनामा देवताकै समान यस अर्थमा थिए कि बोलेको गर्दथे । शान्तिको मार्गमा चल्नको लागि सत्यमार्ग अङ्गीकार गर्दथे । सत्य र निष्ठा नै पहिचान थियो । सत्कर्मले सम्मान दिएको थियो । सही अर्थमा ऊ बेलामा धर्मो रक्षति रक्षितः भएको थियो । यसको महत्त्व आज कम भएको छ भन्ने होइन । आज पनि शान्तिको महत्त्व उत्तिकै छ ।

आजभोलि कम्तीमा दुई किसिमको शान्तिको आवश्यकता छ मानिसलाई – आन्तरिक र बाह्य । आन्तरिक शान्तिमा सबैभन्दा पहिले मानिसलाई शान्ति आवश्यक छ । अधिकांश मानिस अन्तर्मनदेखि, हृदयदेखि शान्त छैनन् । बेचैन छन् । बेचैनीको कारण अनेक हुन सक्छ तर पनि तिनलाई शान्ति चाहिएको छ । अनि कतिपय मानिसलाई बाह्य तत्त्वले अशान्त तुल्याएको हुन्छ । आफ्नै कारणले दुःखी, अशान्त नभई बाह्य कारणले अशान्त वा बेचैन रहेका कतिपय मानिसलाई सुख र सन्तोषपूर्वक बाँच्न शान्ति चाहिएको छ । यदि देशको दृष्टिकोणले हेर्ने हो भने पनि अधिकांश देशभित्र आन्तरिक अशान्ति रहेको छ । देशभित्र आन्तरिक अशान्तिमा दुई किसिमको प्रवृत्ति देखिन्छ । कतिपय देशमा विद्रोह वा आतङ्क छ भने कतिपय देशमा राजनैतिक अस्थिरता । र कतिपय देशको अर्को देशसित झमेला चलिरहेको छ, रडाको चलिरहेको छ ।

आन्तरिक कारणले मानिस बेचैन छ र तिनलाई रोग लागेको छैन भने त्यस्ता मानिसलाई धार्मिक तथा आध्यात्मिक ग्रन्थको अध्ययनले शान्ति दिन सक्छ । मनोविज्ञान बिथोलिएकोलाई मनोसामाजिक परामर्शले काम गर्न सक्छ वा आध्यात्मिक दर्शनका ग्रन्थहरूले सही ठाउँमा ल्याउन सक्छ, तर बाह्य कारणले अशान्त मनलाई शान्ति दिलाउने काम चानचुने होइन । कि समस्यालाई चटक्क छाडेर अन्यत्र जानुपर्‍यो कि त सङ्घर्ष गर्नुपर्‍यो । समस्यालाई थातथलोमैं छोडेर जान सम्भव हुँदैन । यसकारण दोस्रो विकल्पमा नै जानुपर्छ । सङ्घर्षको बीचमा आफूलाई शान्त राख्नुपर्छ । सङ्घर्षको बीचमा आफूलाई शान्त राखेर सम्भव भएसम्म बाह्य तत्त्वहरूलाई पनि शान्तिको मार्गमा शान्तिपूर्वक नै ल्याउने प्रयास हुनुपर्छ । धेरै ठूला विवाद पनि शान्तिको मार्गबाट समाधान भएका उदाहरणहरू छन् । कतिपय अवस्थामा द्वन्द्वले व्यक्ति वा परिवारलाई धेरै क्षति पुर्‍याएको हुन्छ । यसर्थ सम्भव हुँदासम्म शान्तिको मार्गबाट नै समस्याको समाधान खोज्नुपर्छ । अझ कतिपय विवाद कालान्तरमा आफैं समाधान भएर जाने हुन्छ । विवादलाई एकातिर पन्छाएर अत्यन्त शान्ति र धैर्यपूर्वक रहने हो भने कतिपय विवाद विनातनाव समाधान हुने समय पनि आउँछ ।

आज विश्व शान्ति दिवस मनाइरहँदा संसारले अशान्तिका धेरै कारण स्पष्ट देखिरहेको पनि छ । विश्वका कतिपय देश लडिरहेका छन् । लडिरहेका देशलाई सहयोग भइरहेको पनि छ । अझ कतिपय देश लड्नको लागि तयार रहेको पनि पाइएको छ । औपचारिक र अनौपचारिक रूपमा विश्वका कैयौं देश द्वन्द्वमा संलग्न भइसकेका छन् । यस्तो अवस्थामा विश्वमा शान्तिको महत्त्व अझ बढी छ । विश्व शान्ति दिवसको औचित्य अत्यन्त धेरै छ । शान्तिको लागि पहल गर्नुपर्ने आवश्यकता महसूस भएको छ । तर विश्वका धेरै ठाउँमा अशान्ति रहँदा धेरै मानिसको मनमा कतै विश्वयुद्ध हुने त होइन, भन्ने भयले पनि सताउन थालेको छ । वर्तमान युगमा विश्वयुद्ध हुँदा पहिलेका दुई विश्वयुद्धहरूभन्दा संसारले निकै धेरै क्षति बेहोर्नुपर्ने भएकोले पनि शान्तिको औचित्य रहेको छ र विश्व शान्ति दिवसको महत्त्व संसारको लागि निकै धेरै रहेको स्पष्ट हुन आउँछ । हो, अशान्तिका कारण खोजी गरी शान्तिपूर्ण मार्गबाट समाधानको उपाय गर्नुपरेको छ । अहिलेको युगले खोजेको शान्ति हो, शान्तिमार्फत विकास हो । अहिले पृथ्वीवासीको साझा शत्रु रोग, भोक र गरीबी हो । यीमाथि सबै मिलेर विजय प्राप्त गर्नुपरेको छ । अझै आतङ्कवादको समाचार आइरहन्छ । यसमा पनि संसारको विचार पुग्न सक्यो भने दुनियाँले अमनचयन अनुभव गर्न पाउने थियो । सम्भवतः शान्ति र विकासका लागि नै सबै मानिस हृदयदेखि सोचिरहन्छन् ।

भनिन्छ, जहाँ शान्ति हुन्छ त्यहाँ विकास हुन्छ । मानिसको शैक्षिक, आर्थिक, नैतिक तथा भौतिक विकासको लागि शान्ति आवश्यक हुन्छ । देशको हकमा पनि यही लागू हुनुपर्छ । आन्तरिक मन अशान्त भएपछि गौतम बुद्ध सम्पूर्ण सुख र सुविधा परित्याग गरी सन्न्यासी बनेको सबैलाई थाहा छ । सम्राट अशोकलाई त्यत्रो विशाल साम्राज्य र सेनाले शान्ति दिन नसक्दा सन्न्यास ग्रहण गरेका थिए । यसकारण मनमा कुनै किसिमको असन्तोष र अशान्ति आउन रोक्ने प्रयास व्यक्तिले नै गर्ने हो । सकारात्मक चिन्तनले पनि मानिसमा सकारात्मक ऊर्जाको सञ्चार गर्दछ । सकारात्मक चिन्तन राखौं र आफूमा स्वस्थ ऊर्जाको विकास होस् भन्ने किसिमले आफ्नो दैनिकी व्यवस्थित गर्न सक्यौं भने स्वयं मानसिकरूपले शान्त रही अरूलाई पनि यस्तै शान्त रहने वातावरण दिन सक्छौं । हाम्रा शास्त्रहरूमा मनलाई शान्त राख्ने अनेक उपाय बताइएका छन् । विभिन्न मन्त्र वा श्लोकहरूको रचना गरिएका छन् । हरेकले आफूलाई शान्त राख्ने मार्गको खोजी गरोस् भन्ने कामना हाम्रा सनातन ग्रन्थहरूमा गरिएका अनेक उदाहरण छन् । एउटा वैदिक मन्त्रले कामना गर्दछ – सबै प्रसन्न रहून्, खुशी रहून् । सबै स्वस्थ्य रहून्, निरोगी रहून् । सबैको भलो होस्, कसैको कुभलो नहोस् । कोही पनि दुःखी नहोऊन् ।

**ॐ सर्वे भवन्तु सुखिनः, सर्वेसन्तु निरामयाः । सर्वेभद्राणि पश्यन्तु, मा कश्चिद् दुःख भाग्भवेत् ॥**

# संविधान दिवस : मौलिक हकको उपभोग कहिले ?

विचार



रामबहादुर थापा

**विसं २०७२ मा जारी भएको संविधानको धारा ४७ मा मौलिक हकको कार्यान्वयन गर्न तीन वर्षभित्र कानूनी व्यवस्था गर्ने उल्लेख छ । तर संविधान बनेको आठ वर्ष बितिसक्दा पनि मौलिक हकसँग सम्बन्धित कानून बनेका छैनन् ।**

"संविधानको सुन्दरता लेखोटमा होइन, उपभोगमा हुन्छ, संविधानका हरेक अन्तरवस्तुले मानिसको जीवनमा गुणात्मक प्रभाव राख्न सक्नुपर्छ," संविधान दिवसका अवसरमा पूर्वप्रधानन्यायाशीध कल्याणकुमार श्रेष्ठले व्यक्त गरेको विचार हो यो । उनको झैं सामान धारणा छ, वरिष्ठ अधिवक्ता काजी गाउँले श्रेष्ठको पनि । उनी भन्छन्, "निरङ्कुश शासन व्यवस्था रहेका मुलुकले पनि मौलिक हकको घोषणा गर्छन्, संविधानमा लेख्नु मात्र ठूलो कुरा होइन, व्यावहारिक कार्यान्वयनको पक्ष महत्त्वपूर्ण हो ।"

संविधानप्रदत्त नागरिक अधिकारको प्रचलन हुनु/नहुनुले राज्य सञ्चालनमा ठूलो अर्थ राख्ने तत्कालीन संविधानसभा सदस्य एवं गण्डकी प्रदेशसभा सदस्य चम्पादेवी खड्का बताउँछिन् । उनी भन्छिन्, "संविधानको सही कार्यान्वयन गरिए मात्र लोकतन्त्र सुदृढ हुन्छ, नागरिक बलियो हुन्छ, व्यवस्था टिक्छ ।"

कानून निर्माणदेखि प्रचलन गराउने संस्थामा नेतृत्वदायी भूमिका निर्वाह गरेका व्यक्तिका यी विचारमा संविधानमा उल्लिखित मौलिक हकको कार्यान्वयनको अवस्थाप्रति चासो र चिन्ता अभिव्यक्त भएको छ । सिद्धान्ततः मौलिक हक तत्काल प्रचलन हुने अधिकार भएपनि नेपालमा भने यसको कार्यान्वयन निराशाजनक छ ।

विसं २०७२ मा जारी भएको संविधानको धारा ४७ मा मौलिक हकको कार्यान्वयन गर्न तीन वर्षभित्र कानूनी व्यवस्था गर्ने उल्लेख छ । तर संविधान बनेको आठ वर्ष बितिसक्दा पनि मौलिक हकसँग सम्बन्धित कानून बनेका छैनन् । संविधानमा राखिएका प्रावधानको व्यावहारिक उपादेयतामाथि बेला–बेला जनस्तरबाट समेत प्रश्न उठ्ने गरेको छ । अनौपचारिक क्षेत्र सेवा केन्द्र (इनसेक) गण्डकी प्रदेश प्रमुख शिव खकुरेलले संविधानमा लिपिबद्ध भएर पनि कानून नबनेका कारण कतिपय नागरिक अधिकार प्रचलनमा आउन नसकेको बताए ।

"संविधानको भाग ३ को धारा १६ देखि ४८ सम्म मौलिक हकको व्यवस्था छ, तर संविधान बनेको आठ वर्ष बितिसक्दा पनि तिनको प्रभावकारी कार्यान्वयन हुन सकेको छैन," उनले भने, "विडम्बना भन्नुपर्छ, हाम्रा राजनीतिक दलहरू सत्तामुखी मात्र भए, कानून निर्माणको थलो संसद् पनि सरकार बनाउने र गिराउनेमा बढी केन्द्रित भयो ।"

उनले आमाको नामबाट नागरिकता दिन सकिने प्रावधान संविधानमा राखिएको भएपनि कानून नबनेका कारण बुबाको पहिचान नभएका कैयन व्यक्ति नागरिकताबाट वञ्चित हुनुपरेको बताए । "बनेका कानूनको कार्यान्वयनमा पनि राज्य गम्भीर छैन, प्रत्यक्ष मानव अधिकारसँग जोडिएका विषय छन्, जसप्रति राज्य संयन्त्र उदासीन छ," उनले भने, "संविधानले दिएका हकअधिकारको उपभोग गर्न नपाउँदा नागरिकका निराशा बढेका छन्, राज्यका निकायप्रति अविश्वास सिर्जना भएको छ ।" सामान्य प्रशासनिक खर्चको व्यवस्थापनमा समेत समस्या झेलिरहेको राज्यले एकैसाथ सबै मौलिक हकको प्रत्याभूति दिलाउनु चुनौतीपूर्ण हुने कतिपयको बुझाइ छ । मौलिक हक प्रचलनमा ल्याउन देशको आर्थिक विकाससँगै राजस्व र खर्च गर्ने क्षमतामा वृद्धि हुनुपर्ने संविधानका जानकार बताउँछन् ।

नागरिकलाई मौलिक हकको प्रत्याभूति दिलाउन राज्यसँग स्रोतसाधन,

(बाँकी पाँचौं पातामा)

सामाजिक सेवामा समर्पित रिलिफ सोसाइटीको कार्यसमितिलाई चाहिने समय प्रदान गरी सामाजिक सेवामा सहभागी हुनुहोस् । रिलिफ भवन फोनः ९८४५११९४४८

# धुलिखेल दक्षिण एशियाली 'हेल्दी सिटी'को सदस्य बन्दै

राजकुमार पराजुली
काभ्रेपलाञ्चोक, ३ असोज/रासस

पर्यटकीय धुलिखेल नगर हाल कार्यक्रमलाई केन्द्र तथा निरन्तरका शिविरमार्फत प्राथमिकताका साथ अघि बढाइएको प्रमुख केसीले बताए। र सुन्दर नगर निर्माण गर्ने, औषधिजन्य बिरुवा, च्याउ तथा फलफूलको वैज्ञानिक तवरबाट प्रशोधन, भण्डारण र



तस्वीरः रासस

'आरोग्य शहर' अभियानमा छ। यसै महिना धुलिखेललाई विश्व स्वास्थ्य सङ्गठन (डब्लुएचओ)द्वारा दक्षिण पूर्वी एशियाको 'हेल्दी सिटी'को सदस्यता प्रदान गरिने कार्यक्रम छ। सदस्यता ग्रहण गरेसँगै दक्षिणपूर्वी एशियाली विश्व स्वास्थ्य सङ्गठनको 'स्वस्थ शहर सञ्जाल'का सात शहरमध्ये धुलिखेल पनि एक सदस्य हुनेछ। नगरपालिकाले सबै मापदण्ड पूरा गरेकाले सङ्गठनले सदस्यता प्रदान गर्ने तयारी गरेको जनाइएको छ। सदस्यता प्रदान गर्ने मिति तय भएपछि ग्रहण गर्न जाने तयारी गरिने नगर स्वास्थ्य शाखा प्रमुख सन्दीप केसीले बताए। उनका अनुसार नगरपालिकाले शहस्राब्दी दिगो विकास लक्ष्य (एस्डिजी) अन्तर्गतका १७ मध्ये शिक्षा, स्वास्थ्य, गरीबी निवारण र सुरक्षित खानेपानीका चार लक्ष्य पूरा गरेर स्वास्थ्य क्षेत्रमा फड्को मारेको हो।

नगरले ती चार लक्ष्यको प्रतिवेदन गत अक्टोबर पहिलो साता थाइल्यान्डस्थित संयुक्त राष्ट्रसङ्घमा पेश गरेको थियो। त्यति बेला उक्त 'स्वेच्छिक समीक्षा प्रतिवेदन' सार्वजनिक गर्नेमा दक्षिण एशियामैं धुलिखेल पहिलो नगर भएको जिकिरसमेत गरिएको थियो। नगरले हाल १२ वडामा १५ स्वास्थ्य केन्द्र स्थापना गरिसकेको छ भने सबै नागरिकलाई स्वस्थ बनाइ आरोग्यता प्रदान गर्न स्वास्थ्यकर्मीलाई घरदैलो पुऱ्याउने कामसमेत गरेको जनाइएको छ। नागरिकको अवस्था के छ, के कस्तो उपचार आवश्यक छ पत्ता लगाउन नगरले सर्वेक्षण गरेको हो। केन्द्रमा निश्शुल्क उपलब्ध गराइने ६५ थरीका औषधि पर्याप्त बनाइएको छ। हाल हाइपरटेन्सन, मधुमेह र मानसिक स्वास्थ्य

धुलिखेल विश्व स्मार्ट दिगो शहर सङ्गठनको सन् २०२१ देखि २०२३ सम्मको कार्यसमिति सदस्यमा निर्वाचित नगर हो। विश्वका १३६ देशका शहर सदस्य रहेको सङ्गठनको विश्व स्मार्ट दिगो शहर सङ्गठनको पाँचौं महासभाबाट १७ सदस्यीय कार्यसमितिमा पनि धुलिखेल निर्वाचित भएको थियो। नगरप्रमुख अशोक ब्याञ्जूले संसारका ठूला देशका शहरसँगै सङ्गठनको कार्यसमिति सदस्यमा निर्वाचित हुनु गौरवको विषय भएको बताए।

यस्तै, यस नगरले शहरीकरणका कारण उत्पन्न हुने वातावरण प्रदूषण एवं स्वास्थ्य समस्यालाई वैज्ञानिक तवरबाट समाधान गर्न 'खाद्य हरियाली शहर' कार्यक्रमको योजनासमेत बनाएको थियो। यसका लागि नेपाल विज्ञान तथा प्रविधि प्रतिष्ठान (नाष्ट) र धुलिखेल नगरपालिकाबीच कार्यक्रम सञ्चालनका लागि समझदारी भएको छ। वैज्ञानिक माध्यमबाट नगरलाई दिगोरूपमा खाद्य हरियाली शहर बनाउन नगरसँग सम्झौता गरिएको उनले बताए।

उक्त कार्यक्रमबाट वातावरण प्रदूषण एवं स्वास्थ्य समस्या समाधानार्थ दिगोरूपमा वैज्ञानिक ढङ्गबाट नगर सफासुन्दर हुनाका साथै केही हदसम्म बेरोजगारी घट्ने र स्थानीय स्रोतको पहिचान तथा उपयोग गर्न सकिने जनाइएको छ। नगरप्रमुख ब्याञ्जूका अनुसार नगरले लिएको 'स्वच्छ र स्वस्थ' शहरको अवधारणा पूरा गर्न यस कार्यक्रमले ठूलो मदत पुऱ्याएको छ। जडीबुटीको उत्पादन, प्रयोग तथा अनुसन्धानसमेत कार्यक्रममा समावेश गरिनेछन्। सफासुन्दर बनाउन थप कार्यक्रम युवा उद्यमशीलता, रोजगार व्यवस्थापन, दिगोरूपमा स्वच्छ, सफा बजारीकरणलगायत काम हुने जनाइएको छ। नगरपालिकाले नगर क्षेत्रभित्र कोइला प्रयोग गर्न प्रतिबन्ध लगाएको खबर गत वर्ष नोभेम्बर पहिलो साता स्कटल्यान्डको ग्लास्गो शहरमा आयोजित जलवायु परिवर्तनसम्बन्धी संयुक्त राष्ट्रसङ्घीय सम्मेलन (कोप-२६)मा चर्चाको विषय बनेको थियो।

नगरपालिकाले कोइलामुक्त बनाउने अभियानलाई अन्य निकाय तथा मुलुकले पनि अनुमोदन गर्न आग्रह गरेकामा उक्त सम्मेलनमा विश्वका अधिकांश राष्ट्रले कोइलाको प्रयोग रोक्ने घोषणासमेत गरेका थिए। खनिज तत्त्व उत्खनन नगर्ने, वातावरणमैत्री विकास गर्ने र आगामी पाँच वर्षमा स्थानीयवासी सबैका घरमा प्रयोग भएका फोहर पानी प्रशोधन गरी पुनर्प्रयोग गर्ने योजना बनाएर काम भइरहेको नगरले जनाएको छ।

नगरप्रमुख ब्याञ्जूका अनुसार नगर क्षेत्रभित्र एक वर्षदेखि कोइला प्रयोग पूर्णरूपमा प्रतिबन्ध छ। "धुलिखेलको एउटा काम विश्वमा चर्चा हुनु गौरवको विषय बनेको थियो," उनले भने। धुलिखेल नगरलाई हालै शून्य कार्बन उत्सर्जन गर्दै वातावरणमैत्री विकास गर्ने विश्वका १५ शहरमध्ये पाँचौं र एशियाको पहिलो शहर बनेको घोषणासमेत गरिएको थियो। धुलिखेलले यसअघि दक्षिण एशियामैं पहिलोपटक 'जिवाश्म इन्धन अप्रसार सन्धि' अभियानलाई कार्यान्वयनमा ल्याएको थियो। उक्त सन्धि अन्तर्गत रहेर नगरपालिकाले आफ्नो क्षेत्रलाई पर्यटकीय शहरको रूपमा विकास गर्ने उद्देश्यले दिगो विकास र स्वस्थ तथा सफा वातावरणीय कार्यलाई पहिलो प्राथमिकता दिँदै आएको जनाएको छ।




**संविधानलाई सलामीः** असोज ३ गते संविधान दिवसको अवसरमा निजगढ नगरपालिकाको आयोजनामा एक कार्यक्रम गरी नगरप्रमुख सुरथ पुरीले कार्यालय परिसरमा झन्डोत्तोलन गरेका छन्। शहीदहरूको बलिदानबाट प्राप्त २०७२ सालको जारी संविधानको उपलब्धिको रक्षा गर्दै सफलतामा पुऱ्याउने जिम्मेवारी यस व्यवस्थाका पक्षधर राजनीतिक दल, आम जनप्रतिनिधि, कर्मचारी, नागरिक, सञ्चारकर्मी भएकाले यसका उपलब्धिहरूलाई सहज, सरलरूपमा कार्यान्वयनमा हामी सबैले ल्याउनुपर्नेमा जोड दिएका थिए। शब्दचित्रः जीतलाल श्रेष्ठ

# नदी प्रणाली व्यवस्थापनमा सहकार्य अपरिहार्य

महोत्तरी, ३ असोज/रासस

चुरे पहाडी शृङ्खलाबाट निस्कने नदी व्यवस्थापनमा आपसी सहकार्यमा विज्ञहरूले जोड दिएका छन्।

बर्दिबासमा बुधवार सम्पन्न 'चुरे पर्वत शृङ्खलाका नदी प्रणाली संरक्षणका चुनौती र यात्रा' विषयक छलफलमा चुरे विज्ञहरूले नदी व्यवस्थापनमा एक्लो कुनै प्रयत्न परिणाममुखी नहुने बताएका हुन्।

"चुरे पर्वत श्रेणीबाट निस्कने नदी व्यवस्थापन तीनै तहका सरकारको समन्वय र समान चासो हुनुपर्छ," कार्यक्रममा कार्यपत्र प्रस्तुत गरेका चुरे विज्ञ अजय दीक्षितले भने, "चुरे संरक्षण र यसका शृङ्खलाबाट निस्कने नदी व्यवस्थापनको पक्ष मधेस मात्र नभएर भित्री मधेसको जीवनसँग पनि गाँसिएको छ, त्यसैले प्रदेश र सम्बद्ध स्थानीय तहबीच सङ्घीय सरकारले मुख्य समन्वयकारी भूमिका निभाउनुपर्छ।"

यसपालि मधेसका धेरै जिल्लामा खानेपानीको सङ्कट बढ्नुमा चुरे र वनजङ्गलको विनाश, नदी व्यवस्थापनमा उदासीनता र जताततै बढेको अनियन्त्रित उत्खनन मुख्य कारण रहेको विज्ञहरूको मत छ। "मधेसका कैयन जिल्लाका सुदूर दक्षिणी भेगसम्मका खानेपानीका स्रोत (इनार, चापाकल र बोरिङ)का मुहान यसपालि सुके, खेतीपातीको कुरा छाडौं, खानेपानीकै हाहाकार पऱ्यो, यी समस्यामा मुख्य कारण नै चुरे, वनजङ्गल र नदीनालाको अनियन्त्रित दोहन हुन्," कार्यक्रमका सहभागी बर्दिबास-५ का बासिन्दा चुरे विज्ञ वाणिकराज काफ्ले भन्छन्, "अब पनि नचेत्ने हो भने केही वर्षभित्रै मधेसको खेतीपाती चौपट हुन्छ।"

विगतमा नेपाल सरकारको सेवामा सहसचिव स्तरको कृषि विज्ञ रहेका काफ्ले पछिल्लो एक दशभित्रकै अवस्था हेर्ने हो भने जमीनमुनि पानीको उपलब्धता घट्दै गएको बताउँछन्। कार्यक्रममा विज्ञहरूले चुरेको माटो अत्यन्त खुकुलो भएको हुँदा बर्खामा यसबाट निस्कने नदीले गेग्र्यान बगाउँदै तलका उब्जाउ फाँट भर्छ।

यसले उर्वराशक्ति घटाउनसँगै जमीन मरुभूमीकरण पार्दै लगेको र जमीनमुनिको पानीको सतह गहिरिँदै गएको विज्ञहरूको भनाइ छ।

सो अवस्था अन्त्य गर्न चुरेका थुम्काहरूमा हुने उत्खनन बन्द गर्नुपर्ने, वन क्षेत्रको संरक्षण गर्नुपर्ने, चुरेबाट निस्कने नदीलाई ठाउँठाउँमा ड्याम बाँधेर गेग्र्यानमाथि नै निथार्नुपर्ने, नदी तथा नदीउकास जग्गामा भइरहेको जथाभावी उत्खनन नियमन गर्नुपर्ने र चुरे क्षेत्रमा पानी पुनर्भरणका पोखरी निर्माण गरिनुपर्ने चुरे विज्ञ दीक्षितको भनाइ छ।

इन्स्टिच्युट फर सोसल एन्ड इनभारोमेन्टल ट्रान्जिसन (आइसेट) नेपालको आयोजना तथा सामुदायिक विकास तथा पैरवी मञ्च नेपाल बर्दिबासको संयोजनमा सम्पन्न कार्यक्रममा सामुदायिक वन उपभोक्ता समिति, यस क्षेत्रका खानेपानी व्यवस्थापन समिति, चुरे तथा जलाधार क्षेत्रमा कार्यरत सङ्घसंस्थाका प्रतिनिधि, सञ्चारकर्मी र विभिन्न सामाजिक सङ्घसंस्थाका प्रतिनिधिको सहभागिता थियो।

कार्यक्रममा चुरे, वन र नदीनालासम्बद्ध विषयका योजना, परियोजना तथा यस क्षेत्रमा गरिने काममा सङ्घीय, प्रादेशिक तथा स्थानीय सरकारबीचको प्रत्यक्ष समन्वयबाट एकीकृत आयोजना सञ्चालन गरिन तीनै तहका सरकारलाई सुझाव दिइने निष्कर्ष लिइएको सामुदायिक विकास तथा पैरवी मञ्च नेपालका अध्यक्ष नागदेव यादवले बताए।

# अरुण तेस्रो जलविद्युत् परियोजनाको काम ठप्प

सङ्खुवासभा, ३ असोज/रासस

सङ्खुवासभामा निर्माणाधीन नौ सय मेगावाट क्षमताको अरुण तेस्रो जलविद्युत् परियोजनाको विद्युत्गृहको काम ठप्प छ। रुण तेस्रो प्रवेशमार्गको छ्याङकुटी-दिदिङ पुखुवा सडकखण्डको मुआवजा माग गर्दै स्थानीयले झन्डै तीन सातादेखि काम ठप्प पारेका छन्।

स्थानीयको अवरोधका कारण अरुण तेस्रोको विद्युत्गृह स्थल र प्रवेशमार्गको काम ठप्प छ। अरुण प्रवेशमार्ग सङ्घर्ष समितिका संयोजक जनीकुमार राईले सरकारले माग सुनुवाइ नगरेपछि आन्दोलनमा उत्रिनुपरेको बताए। स्थानीयले प्रवेशमार्गको छ्याङ्कुटी-दिदिङ पुखुवा सडकखण्डको २४ किलोमिटर क्षेत्रको मुआवजा माग गर्दै आएका छन्।

छ्याङ्कुटीबाट पुखुवासम्म ४५४ रोपनी जग्गाको मुआवजा प्राप्त गर्न बाँकी छ। मुआवजा रकम जिल्ला प्रशासन कार्यालयको खातामा नआएसम्म आन्दोलन जारी रहने पीडितको भनाइ छ। उनीहरू मुआवजा माग गर्दै विगत सात वर्षदेखि आन्दोलित छन्। अरुण तेस्रो निर्माण गरिरहेको भारतीय सतलज जलविद्युत् निगमसँगको आयोजना विकास सम्झौता (पिडिए)मा स्थानीयको अवरोधका कारण काम रोकिए दैनिक रु आठ करोड नेपाल सरकारले क्षतिपूर्ति बेहोर्नुपर्ने शर्त उल्लेख छ।

जिल्ला प्रशासन कार्यालयमा गठित छुट मुआवजा निर्धारण समितिले गत वैशाख २६ गते छ्याङ्कुटी-दिदिङ सडकखण्डको प्रतिरोपनी रु ११ लाख ७५ हजार दिने निर्णय गरेको थियो। तर हालसम्म प्रभावितले मुआवजा पाएका छैनन्। आयोजनाबाट नेपालले २१ दशमलव नौ प्रतिशत अर्थात् १९७ मेगावाट बिजुली निश्शुल्क पाउने बताइएको छ। आयोजना बनाउन रु एक खर्ब १५ अर्ब लाग्ने अनुमान गरिएको छ। अरुण तेस्रो विद्युत् आयोजनामा नेपाली र भारतीयसहित तीन हजार बढी मजदूर कार्यरत छन्।

# विधेयकप्रति असन्तुष्टि जनाउँदै शिक्षक महासङ्घ धर्नामा



संसद्मा दर्ता भएको विद्यालय शिक्षा विधेयकप्रति असन्तुष्टि जनाउँदै काठमाडौंको नयाँ बानेश्वरमा नेपाल शिक्षक महासङ्घद्वारा आयोजित धर्नामा सहभागी सामुदायिक विद्यालयका शिक्षक, कर्मचारीहरू। तस्वीरः रासस

काठमाडौं, ३ असोज/रासस

सङ्घीय संसद्मा दर्ता भएको विद्यालय शिक्षासम्बन्धी विधेयकका केही प्रावधानमा असन्तुष्टि जनाउँदै नेपाल शिक्षक महासङ्घले बुधवारदेखि काठमाडौंको माइतीघर मण्डलामा धर्ना शुरू गरेको छ।

शिक्षा, विज्ञान तथा प्रविधि मन्त्री अशोककुमार राईले मङ्गलवार दिउँसो ३ बजे बोलाएको वार्तालाई अस्वीकार गर्दै महासङ्घ आन्दोलनमा उत्रेको हो। महासङ्घले मन्त्रीबाट आफ्ना माग सम्बोधन हुन नसक्ने जनाउँदै धर्ना शुरू गरेको हो।

गत वर्षको तथ्याङ्क अनुसार हाल मुलुकभर २७ हजार ३४३ सामुदायिक विद्यालय छन् भने स्थायी, अस्थायी र राहत गरी एक लाख ५७ हजार ३५४ शिक्षक कार्यरत छन्। यस्तै, सामुदायिक विद्यालयमा ५३ लाख ८२ हजार छ विद्यार्थी छन्।

मुलुकका विभिन्न जिल्लाबाट आएका शिक्षक र विद्यालय कर्मचारीको धर्नामा संलग्नता छ। महासङ्घले अस्थायी प्रकृतिका शिक्षकहरूको स्थायित्व, विद्यालय कर्मचारीको दरबन्दी सिर्जना, विद्यालय संरचनाबाहिर रहेका बाल कक्षा शिक्षक, अस्थायी अवधि गणना तथा निवृत्तिभरण, शिक्षक बढुवा, प्रधानाध्यापक नियुक्ति, सरुवा र कार्यसम्पादन मूल्याङ्कनलगायतका विषयमा सम्बोधन माग गर्दै आएको छ।

महासङ्घका महासचिव लक्ष्मीकिशोर सुवेदीले आन्दोलनमा भाग लिन काठमाडौंमा आउन शिक्षक र कर्मचारीलाई आग्रह गरिएको जानकारी दिए।

उनले सरकार र महासङ्घबीच २०७५ फागुन ९ गते र २०७८ फागुन ९ गते भएका सम्झौताहरूलाई विधेयकले यथोचित सम्बोधन नगरेको गुनासो गरे। सरकारले विद्यालय शिक्षासम्बन्धी कानूनलाई संशोधन र एकीकरण गर्न बनेको विधेयक गत भदौ २७ गते प्रतिनिधिसभामा दर्ता गरेको थियो।

# लोकतन्त्र, सङ्घीयता र समावेशिताको कसीमा संविधान

विचार



धर्मेन्द्र झा

**नेपालमा १२५ भन्दा बढी जातजाति र भाषाभाषी छन् । नेपाल यी सबै जातजाति र भाषाभाषीको साझा थलो हो । यस देशको विकास गर्न सबैले अवसर पाउनुपर्छ र देश जनताको सन्तुलित विकास हुनु आवश्यक छ । यसका लागि आवश्यक छ, शासनमा सबैको सहभागिता र विचार तथा अभिव्यक्तिको स्वतन्त्रता ।**

आज नवौं संविधान दिवस । विसं २०७२ मा आजकै दिन संविधान जारी भएको थियो । गणतन्त्र नेपालका प्रथम राष्ट्रपति डा रामवरण यादवले संविधान जारी गरेपछि करीब आठ दशकदेखिको नेपाली जनताको सपना साकार भएको दिन हो असोज ३ ।

यस अघिका कुनै पनि संविधान नेपाली जनता स्वयंले न लेखेका थिए न त जारी नै गरेका थिए । यो पहिलो संविधान हो, जुन जनताका प्रतिनिधि (संविधानसभाका सदस्य) ले लेखे र जनताकै प्रतिनिधि (राष्ट्रपति) बाट जारी भयो । संविधान लेख्ने र जारी गर्ने प्रयोजनका लागि दुईदुईपटक संविधानसभा गठन भयो । त्यही संविधानसभाले निर्माण गरेको संविधानको आज सम्पूर्ण देशवासीले स्मरण गर्ने र भविष्यका लागि लोकतन्त्र, सङ्घीयता, समानुपातिक समावेशी, समाजवाद, बहुलवाद आदिका पक्षमा प्रतिबद्धता व्यक्त गर्ने दिन हो ।

जनताले आफ्नो प्रतिनिधिमार्फत लेखेको भनिएको संविधानको आजको दिनमा लेखाजोखा गर्न जरूरी छ । सर्वसाधारण नेपालीका दृष्टिले आज मूल्याङ्कनको प्रयास गर्ने हो भने स्वाभाविक रूपले एउटा महत्त्वपूर्ण प्रश्न हाम्रोसामु उपस्थित हुन पुग्छ, यस अवधिमा देश र जनताले के पाए त ? निश्चय पनि उत्तर सहज छैन । त्यसो त यस अवधिमा गठित सरकारहरूले अनेक दाबी गर्ने गरेका छन् । तर ती सबै दाबी सत्यताको कसीमा खरो उत्रन सक्ने हैसियतका छैनन् भन्दा असत्य ठहर्दैन । हुन सक्छ, दाबीहरूका आफ्ना सीमा होलान् तर सैद्धान्तिकरूपले हेर्ने हो भने यो संविधानको कालजयी महत्त्व छ । यसमा विवाद हुन सक्दैन । यो संविधानले देशलाई एउटा नयाँ परिचय दिएको सत्य हो–सङ्घीय लोकतान्त्रिक गणतन्त्र नेपाल । यसैगरी सर्वसाधारण नेपालीलाई पनि परिचय र पहिचान प्रदान गर्नुका साथै अधिकार सम्पन्न बनाउने ध्येय यस संविधानले बोकेको छ, यसमा शङ्का छैन । तर व्यवहारमा यी कुराहरूले कस्तो आकार ग्रहण गर्न सकेका छन् ? यो भने छलफलकै विषय बन्ने निश्चित छ । यो संविधानको सर्वाधिक महत्त्वपूर्ण पक्ष हो लोकतन्त्रको संस्थागत विकास र प्रवर्द्धन ।

लोकतन्त्रले सामाजिक न्यायको प्रत्याभूति दिइरहेको हुन्छ । किनभने, यसको आधारभूमि भनेकै समाजको हितको लागि न्यायपूर्ण समानता हो । अनुभव गरिएको छ विभिन्न ठाउँमा लोकतन्त्रलाई विभिन्न विशेषणले सुसज्जित गर्न खोजिन्छ तर त्यहाँ लोकतन्त्रको कुनै गन्ध पनि हुँदैन । संसारका कुख्यात तानाशाहहरूले समेत आफ्नो राज्य प्रणालीको प्रक्रियालाई कहीं न कहीं लोकतान्त्रिक व्यवस्था भन्न रुचाउँछन् । निरङ्कुश एकतन्त्रीय शासन पनि एक प्रकारको लोकतन्त्र नै हो भन्ने देखाउने बाध्यता उनीहरूलाई परेको देखिन्छ । तर लोकतन्त्र हुन आवधिक निर्वाचनद्वारा निर्वाचित प्रतिनिधिहरूको नियन्त्रणमा व्यवस्थापिका, त्यस्तो व्यवस्थापिकाप्रति उत्तरदायी कार्यपालिका र स्वतन्त्र न्यायपालिका हुनैपर्छ । यसैगरी मानव अधिकार, प्रेस स्वतन्त्रता, सामाजिक न्याय र लैङ्गिक समानताद्वारा सम्पूर्ण विभेदकारी कानून र प्रचलन अन्त्य हुनुपर्दछ । लोकतान्त्रिक शासन व्यवस्थाका तीन खम्बा कार्यपालिका, व्यवस्थापिका र न्यायपालिका परस्पर सकारात्मकरूपले जनतालाई स्वायत्त बनाउन समन्वयकारी भूमिका निर्वाह गरिरहेको हुनुपर्दछ ।

वास्तवमा लोकतन्त्र उपर्युक्त तत्त्वहरूको प्रतिस्पर्धात्मक र समन्वयकारी साझा संस्कृतिको नाम हो । लोकतन्त्रका अनेक स्वरूप र प्रयोगका किसिमहरू स्वयं लोकतन्त्रभित्रका आन्तरिक सवालहरूका उत्तर हुन् । जनताको सर्वोपरिता नै लोकतन्त्रको वास्तविक अर्थ हो । जनतामाथि थिचोमिचो गर्न जनताको नाम भजाउने राज्य, अमूर्त किसिमले जनताका नाममात्र लिइरहने तर कहिल्यै जनताको मतद्वारा नचुनिएका, जनप्रतिनिधिद्वारा नछानिएका दलहरू वा उनका प्रतिनिधिबाट लोकतन्त्रको रक्षा हुन सक्दैन । किनभने त्यहाँ कतै लोकतन्त्रको तत्त्व विद्यमान रहँदैन । जबकि त्यस्तैले लोकतन्त्रको नाम बढी जपिरहेको पाइन्छ । यो संविधानले लोकतन्त्रको उपर्युक्त मान्यतालाई अक्षरशः अनुसरण गरेको छ भन्दा अस्वाभाविक ठहर्दैन ।

लोकतन्त्रको सुनिश्चिततापछि यो संविधानले प्रत्याभूत गरेको अर्को महत्त्वपूर्ण विषय हो स्थानीय स्तरमा स्थानीय स्तरबाटै विकास र जन अधिकारको प्रत्याभूति । संविधानले तीन तहको सरकारको परिकल्पना मात्र गरेको छैन, स्थानीय स्तरसम्मैं विकासको सशक्त खाका कोर्ने प्रयत्न पनि गरेको छ । स्थानीय तह जनताको सबैभन्दा नजीकको शासकीय संरचना हो । यसै आधारमा स्थानीय तहलाई नजीकको सरकार पनि भन्ने गरिन्छ । लोकतान्त्रिक शासन व्यवस्थामा वास्तवमा जनताले सरकारको अनुभूति यही निकायमार्फत गर्ने अवसर प्राप्त गर्दछन् । यसैले स्थानीय तह जति प्रभावकारी र सुदृढ हुन्छ जनता पनि त्यति नै मजबुत हुन्छ भन्ने विश्वव्यापी अवधारणा हो । यसै मान्यतालाई आत्मसात् गरी स्थानीय तहलाई शक्ति र अधिकारसम्पन्न बनाउनुपर्छ भन्ने अवधारणालाई पछिल्लो कालखण्डमा लोकतान्त्रिक शासन व्यवस्था भएका देशमा स्वीकार गरिएको पाइन्छ ।

स्वाभाविकरूपले नेपालको संविधानमार्फत पनि यस अवधारणालाई स्वीकार गरिएको छ र विकासको मूल संयन्त्रका रूपमा स्थानीय तहलाई सबल र सशक्त बनाउने प्रयत्न गरिएको छ । स्थानीय तहलाई सशक्त र अधिकारसम्पन्न बनाउनु भनेको राज्यका शक्तिको विकेन्द्रीकरणको अवधारणालाई आत्मसात् गर्नु पनि हो । जुन शासन प्रणालीले शक्ति विकेन्द्रीकरणको अवधारणालाई आत्मसात् गरेर जनस्तरमा अधिकारहरूको निक्षेपणको मूल्य बुझेको हुन्छ, व्यवहारमा त्यही शासनलाई जनताप्रति उत्तरदायी लोकतान्त्रिक शासन व्यवस्थाका रूपमा स्वीकार गर्न सकिन्छ । सबैले बुझ्नु जरूरी छ, स्थानीय स्तरमा हुने सन्तुलित विकास नै देशको समग्र विकास हो र विकासको यो प्रक्रियाको सञ्चालन राज्यशक्तिको विकेन्द्रीकरणबाट मात्र सम्भव हुन सक्छ ।

शक्तिलाई केन्द्रीकृत गर्ने र नागरिकका सम्पूर्ण प्रकारका अधिकार आफूसँगै राख्ने शासन शैली लोकतान्त्रिक होइन, यो तानाशाही अधिनायकवादी शैली हो । यस दृष्टिले मूल्याङ्कनको प्रयत्न गर्ने हो भने भन्न सकिन्छ, यस संविधानले लोकतन्त्रको मूल मर्म र मान्यतालाई मन्त्रका रूपमा ग्रहण गरेको छ । राज्यशक्ति र अधिकारको निक्षेपण तल्लो तहसम्म गर्ने अभीष्ट संविधानको हो । संविधान जारीपछिका दिनमा नेपालका स्थानीय तहहरूको भ्रमण र अध्ययन गरेको खण्डमा असन्तुष्ट नै भइहाल्नुपर्ने अवस्था नभएबाट पनि संविधान सही दिशामा अग्रसर छ भन्न सकिने पर्याप्त आधार छ । यति हुँदाहुँदै पनि संविधान कार्यान्वयनको विद्यमान स्थितिका आधारमा पूर्णतः सन्तुष्ट भइहाल्नुपर्ने अवस्था पनि छैन ।

संविधानले स्थापित गरेको अर्को सन्दर्भ हो सङ्घीयता । सत्य हो, संविधानको सफल कार्यान्वयनका दिशामा अनेक चुनौती छन् । सङ्घीयता कार्यान्वयन्को सन्दर्भ यस्तै एक अर्को चुनौती हो । पछिल्ला दिनमा बेलाबखत उठिरहने प्रश्न हो–सङ्घीयता कार्यान्वयन्का दृष्टिले देश र जनताले के पायो ? यो स्वयंमा महत्त्वपूर्ण प्रश्न हो । निश्चय पनि यस प्रश्नको उत्तर भविष्यले संविधान कार्यान्वयनको जिम्मेवारीमा रहेकाहरूबाट खोज्ने नै छ । यसबीच केही यस्ता समूह र वर्ग पनि सक्रिय रहे जसले योजनाकबद्ध ढङ्गले वैचारिकरूपमा लोकतन्त्रलाई कमजोर बनाउन अनेक प्रपञ्च रचे । जनतामा सङ्घीयताविरुद्ध वितृष्णा उत्पन्न गराउने कार्य पनि गरे ।

लोकतन्त्र र सङ्घीयताका पक्षधरका दृष्टिले निश्चय पनि यो अवस्था दुःखदायी छ । सङ्घीयता कमजोर हुनुको अर्थ हो अधिनायकवाद फस्टाउनु र केन्द्रीयतामा आधारित शासन शैलीका पक्षधरहरू हौसिनु । विगतमा केन्द्रीकृत शासन शैलीले देश र जनताको सन्तुलित विकास हुन नसकेको पृष्टभूमिमा सङ्घीयताको महत्त्व स्वतः स्पष्ट छ । सङ्घीयतालाई सुनिश्चित गर्न र प्रभावकारी बनाउन प्रदेश सरकारको अवधारणालाई संविधानले स्वीकार गरेको छ । तर पछिल्ला दिनमा प्रदेश सरकारमाथि प्रश्नचिह्न तेर्स्याउने प्रयत्न विभिन्न कोणबाट भइरहेको छ । सङ्घीयताका पक्षधरहरूले यस सन्दर्भमा गम्भीर हुनु अपरिहार्य छ । लोकतन्त्र र सङ्घीयता क्रमशः संस्थागत र विकसित हुने शैली हो । नेपालमा सङ्घीयताले विधिवत् आकार ग्रहण गर्न थालेको जम्मा आठ वर्ष मात्र भएको छ र यस अवधिमा सङ्घीयताको अभ्यासलाई नकारात्मक भनिहाल्ने स्थितिको विकास भइसकेको छैन । यो यथार्थ हो ।

संविधानको अर्को महत्त्वपूर्ण प्रतिफल हो, समावेशिता र बहुलवाद । नेपालमा १२५ भन्दा बढी जातजाति र भाषाभाषी छन् । नेपाल यी सबै जातजाति र भाषाभाषीको साझा थलो हो । यस देशको विकास गर्न सबैले अवसर पाउनुपर्छ र देश जनताको सन्तुलित विकास हुनु आवश्यक छ । यसका लागि आवश्यक छ, शासनमा सबैको सहभागिता र विचार तथा अभिव्यक्तिको स्वतन्त्रता । सारमा यही नै समावेशिता हो । संविधानले राज्य सञ्चालनका परिप्रेक्ष्यमा यही समावेशिताको सुनिश्चितताको परिकल्पना गरेको छ ।

माथि उल्लिखित कुराहरू नेपालको संविधान २०७२ ले प्रत्याभूत गरेका मुख्य विषय हुन् । संविधानले सैद्धान्तिकरूपमा अङ्गीकार गरेको मूल कुरा यिनै हुन् । हो, यिनको कार्यान्वयनमा समस्या हुन सक्छ । कार्यान्वयन गर्ने जिम्मेवारीमा बसेका व्यक्तिहरूमा समस्या हुन सक्छ । तर यसको अर्थ संविधान नै बेठीक छ भन्ने निष्कर्ष किमार्थ निकाल्न मिल्दैन । संवादका आधारमा निर्मित यो संविधानले स्वीकार गरेको अर्को महत्त्वपूर्ण पक्ष संवाद नै हो । यस आधारमा संविधानमा कहीं कतै कुनै समस्या छ भने संवादका आधारमा नै तिनको सम्बोधन हुनुपर्छ ।



गण्डकी प्रदेश सरकारले संविधान दिवसको अवसरमा बुधवार बिहान पोखरामा निकालेको प्रभातफेरी कार्यक्रममा झाँकीसहित सहभागीहरू । तस्वीरः रासस

## फरक समाचार

### के तपाईंलाई पनि माटो खान मन लाग्छ ?

बच्चा एवं महिलाहरूलाई बत्ती, चक वा माटो खाएको देखेका छौं । यस्तो लत शरीरको लागि हानिकारक हुन्छ । यो एक प्रकारको बिमारी हो, जसलाई जियोफेजिया भनिन्छ । साधारण स्थितिमा माटो खान मन लाग्नु शरीरमा क्रेविङ क्यालिशयमको कमीको कारण हुन्छ तर यो एउटा बिमारीको लक्षण पनि हो ।




माटो खानुको सीधा सम्बन्ध पाइका नामक बिमारीसँग हुन्छ । यस बिमारीमा मान्छेलाई माटो खाने लत लाग्छ । यस्तो स्थिति बढीजसो गर्भवती महिलामा देखिन्छ । माटो खाने लत कुनै नशाको समान हुन्छ ।

विज्ञहरूका अनुसार पाइका एउटा यस्तो बिमारी हो, जुन व्यक्तिलाई लागेपछि खान नहुने वस्तु खान मन लाग्छ । यस रोगको नाम पक्षीको नाममा राखिएको हो । पाइका एउटा यस्तो पक्षीको नाम हो, जसले जेसुकै पनि खान्छ, त्यस कारण यस रोगको नाम पाइका राखिएको हो ।

क्यालिशयम, आइरनको कमीको कारण पनि धेरैलाई माटो खान मन लाग्छ । यस रोगमा महिलाहरूलाई माटो खान मन लाग्छ र त्यो माटो खाएपछि उनीहरूको पेटमा थुप्रै समस्या हुन थाल्छन् । पटक–पटक माटो खानाले आन्द्रामा अवरोध उत्पन्न हुन्छ, कलेजोमा नकारात्मक प्रभाव पर्छ । माटो खाने बच्चा र ठूलाबडामा शरीर सुन्निने, पाचन प्रक्रिया बिग्रिने, एनिमिया हुन सक्छ । शरीरमा हेमोग्लोबिन कम भएपछि रगतले अक्सिजन पाउँदैन र एनिमिया हुने गर्छ ।

### वैज्ञानिकले बनाए सूक्ष्म क्यामरा

अमेरिकाका वैज्ञानिकले एउटा माइक्रोस्कोपिक क्यामरा बनाएका छन्, जुन हातमा राख्दा सजिलै हेर्न सकिंदैन । यो क्यामराको आकार आधा मिलिमिटर छ र यो काँचबाट बनाइएको हो । प्रिन्सटन युनिभर्सिटी र युनिभर्सिटी अफ वाशिङ्टनका शोधकर्ताहरूले बनाएको यस सूक्ष्म क्यामराले पाँच लाख गुना ठूलो तस्वीर खिच्न सक्छ । यस क्यामराको उपयोग मेडिकल क्षेत्रमा गरिने भएको छ । यस सानो क्यामरालाई सजिलै शरीरभित्र पसाएर फोटो खिच्न चिकित्सकलाई सजिलो हुनेछ । इथान सेंगले तयार गरेको यस क्यामरामा १.६ मिलियन सिलिंड्रिकल पोस्ट छ ।



क्यामरा सूक्ष्म भएपनि यसले वाइड एङ्गलको फोटो खिच्न सक्छ र यसको गुणस्तर पनि निकै राम्रो छ । अहिलेसम्मको माइक्रो क्यामरामा तस्वीरको किनार धमिलो हुने गर्थ्यो तथा रङ्गमा पनि समस्या हुन्थ्यो तर यस सूक्ष्म क्यामरामा यी समस्या हुनेछैनन् । यसले प्राकृतिक प्रकाशमा पनि राम्रो काम गर्छ भने लेजर लाइटमा पनि गुणस्तरीय तस्वीर दिन सक्छ । १२० डिग्री फिल्ड भ्यू दिने र एक्सटेन्डेड फोकस रेन्ज ३ मिलिमिटरदेखि ३० मिलिमिटरसम्मको हुन्छ । यसबाट ३० फ्रेम/प्रतिसेकेन्ड रेकर्ड हुने गर्छ ।

### सेतो सर्टमा मसीको दाग कसरी हटाउने ?

सेतो सर्ट वा जिन्समा कलमको मसीको दाग लागेपछि हटाउन निकै गाह्रो हुन्छ । प्रायः हामी कपडामा लागेको दाग हटाउन भेनेगर, बेकिङ सोडा, कागती प्रयोग गर्छौं तथा घरेलु वस्तुबाट पनि दाग हटाउने गर्छौं तर बलपेनको मसीको दाग हटाउन निकै गाह्रो हुन्छ । यस प्रकारको दाग हटाउनको लागि डिनेचर्ड अल्कोहल वा मिथाइलेटेड स्प्रिट आवश्यक पर्छ । डिनेचर्ड अल्कोहल हार्डवेयरको पसलमा पाइन्छ । यो अल्कोहलमा थोरै दूध र सोपी वाटर मिलाएर एउटा भाडामा राख्ने र त्यसमा दाग लागेको कपडालाई डुबाएर राख्ने । त्यसपछि थोरै रगडेर अर्को भाडामा अल्कोहल राखेर रगड्नुपर्छ । जबसम्म दाग मेटिंदैन यस्तै गर्नुपर्छ । त्यसपछि यसलाई सुकाउने । यदि दाग पूर्णरूपमा गएको छैन भने त्यसमा नून राखेर रगड्नुपर्छ तथा कपडालाई धुनुपर्छ । यसरी मसी लागेको दाग सजिलै हटाउन सकिन्छ ।



कपडामा मसीको दाग लाग्नेबित्तिकै यस्तो प्रक्रिया गर्दा कपडाको दाग हटाउन सकिन्छ नत्र धेरै दिनपछि यस्तो प्रक्रिया गर्दा दाग हटाउन गाह्रो हुन्छ ।

### एटोपिक डर्मेटाइटिसको लक्षण

छाला सुक्खा र रातो हुन्छ, रातिको समयमा बढी चिलाउँछ । छाला मोटो भएर फाट्न थाल्छ । चिलाएपछि सुन्निन्छ । अनुहार र टाउकोमा ससाना दाना निस्किन्छन्, जसबाट तरल पदार्थ निस्किन्छ । खासगरी हात, खुट्टा, घुँडा, घाँटीमा खैरो रङको दागधब्बा देखिन्छ । – प्रतीक डेस्क (एजेन्सीको सहयोगमा)



# अन्तर्राष्ट्रिय समाचार

## पूर्वी चीनमा भीषण आँधी, पाँचजनाको मृत्यु



आँधीका कारण क्षतिग्रस्त घरहरू । तस्वीरः एएफपी

नान्जिङ, ३ असोज/सिन्हवा

पूर्वी चीनको जियाङ्सुमा आँधीका कारण पाँचजनाको मृत्यु भएको छ भने चारजना गम्भीर घाइते भएका छन् ।

स्थानीय अधिकारीहरूका अनुसार पूर्वी चीनको जियाङ्सु प्रान्तमा मङ्गलवार आएको आँधीमा परी पाँचजनाको मृत्यु हुनुका साथै अन्य चारजना गम्भीर घाइते भएका छन् । अधिकारीहरूले घटनाको विवरण बुधवार मात्र दिएका हुन् । सुकियान शहरको ड्याक्सिङ टाउनसीप र नानकाई टाउनसीपमा साँझ ५ बजेतिर आँधी आएको हो ।

स्थानीय निकायले गरेको क्षतिको प्रारम्भिक विवरण अनुसार आँधीबाट ५,५१२ जना प्रभावित भएका छन् भने १,६४६ घरमा सामान्य क्षति पुगेको छ । अन्य १३७ घरमा भने पूर्ण क्षति भएको छ । आँधीले ४२ हेक्टरमा लगाइएको बाली क्षति भएको छ । आँधीबाट ४०५ जना विस्थापित भएका छन् । नहरको आपत्कालीन व्यवस्थापन विभागले उनीहरूलाई सहायता सामग्री प्रदान गरेको छ । रासस

## ‘पृथकतावादीहरूले हतियार बिसाउनै पर्छ’

बाकु, ३ असोज/एएफपी

अर्मेनियाली पृथकतावादीहरूले आफ्ना हतियार नबिसाएसम्म अजरबैजानले सैनिक कारबाई नरोक्ने दृढता व्यक्त गरेको छ ।

राष्ट्रपति इल्हाम अलियेभले अमेरिकी विदेशमन्त्री एन्टोनी ब्लिन्केनसँग भएको टेलिफोन वार्तामा अर्मेनियाली पृथकतावादीहरूले आफ्ना हतियार बिसाएमा नागोर्नो–काराबाखमा थालिएको सैन्य कारबाई समाप्त हुने बताएको राष्ट्रपतिको कार्यालयले बुधवार विज्ञप्ति निकालेर बताएको हो ।

राष्ट्रपति अलियेभले विदेशमन्त्री ब्लिन्केनलाई यदि काराबाख सेनाले हतियार बिसाएमा आतङ्कवादविरुद्धको कारबाई रोकिने बताएको विज्ञप्तिमा उल्लेख छ ।

संयुक्त राष्ट्रसङ्घका महासचिव एन्टोनियो गुटेरेसले बुधवार नागोर्नो–काराबाखमा जारी हिंसा तत्काल अन्त्य गर्न आह्वान गरेका छन् । अजरबैजानले पृथकतावादी काराबाख सेनाविरुद्ध सैन्य कारबाई शुरू गरेको सन्दर्भमा महासचिवको यस्तो आह्वान आएको हो ।

महासचिव गुटेरेसका प्रवक्ता स्टेफेन डुजारिकले नागोर्नो–काराबाख लडाइँ अविलम्ब अन्त्य हुनुपर्नेमा महासचिवले जोड दिएको तथा उनले काराबाख क्षेत्रमा तनाव कम गर्न तथा २०२० को युद्धविराम एवं अन्तर्राष्ट्रिय मानवीय कानूनका सिद्धान्तहरूलाई पूर्णरूपेण पालना गर्न आह्वान गरेका बताएका छन् ।

यसैबीच, आर्मेनियाको अतिवादी समूहले नागोर्नो–काराबाख क्षेत्रमा बिछ्याएको बारुदी सुरुङमा परेर मङ्गलवार चारजना प्रहरीसहित सातजना अजरबैजानीको मृत्यु भएको थियो । काराबाख क्षेत्रको खोड्झाभेन्स्की जिल्लामा बिछ्याइएको बारुदी सुरुङमा परी चारजना प्रहरीले ज्यान गुमाएका थिए । रासस

## पूर्वप्रधानमन्त्री शरीफद्वारा सरकारको आलोचना

इस्लामाबाद, ३ असोज/एएनआई

प्रवासमा रहेका पाकिस्तानका पूर्वप्रधानमन्त्री नवाज शरीफले पाकिस्तान सरकारको आलोचना गरेका छन् ।

स्वदेश फर्कनुअघि लाहोरमा एकत्र भएका पार्टीका नेता तथा कार्यकर्तालाई सम्बोधन गर्दै पाकिस्तान मुस्लिम लिगका प्रमुख उनले देशको वर्तमान आर्थिक स्थिति नाजुक हुनुमा सत्तामा रहेका नेताहरू जिम्मेवार भएको बताए ।

“छिमेकी देश भारत चन्द्रमामा पुगिसक्यो र उसले आर्थिकरूपमा सबल देशका नेताहरूको साझा मञ्च जी–२० शिखर बैठक आयोजना गरिसक्यो, हामी भने राज्य सञ्चालनका निम्ति रकम नभएर यो देश र त्यो देशसँग सहायता माग्न हिंडिरहेका छौं । पाकिस्तानका गरीबलाई रोजीरोटी जुटाउन धौधौ परेको छ, हाम्रा प्रधानमन्त्री पैसा माग्दै एउटा देशबाट अर्कोमा गइरहनुभएको छ”–पाकिस्तानका नेताहरूले देश र जनताका निम्ति केही नगरेकोमा रोष प्रकट गर्दै नेता शरीफले भने ।

पाकिस्तानले एक अर्ब डलरका लागि चीन वा खाडी देशहरूसँग हात पसार्नुपर्ने लज्जाजनक परिस्थिति सामना गर्नुपरेकोमा आक्रोशित हुँदै पूर्वप्रधानमन्त्री शरीफले देशलाई अहिलेको आर्थिक स्थितिमा पुर्‍याउने सबै ‘अपराधी’ हुन् भने । सन् १९९० मा आफूले प्रारम्भ गरेको आर्थिक सुधारका नीतिलाई भारतले समेत कार्यान्वयन गरेको बताउँदै ‘अटलबिहारी बाजपेयी प्रधानमन्त्री हुँदा भारतसँग एक अर्ब डलर मात्र थियो तर अहिले भारतसँग छ खर्ब डलर राज्य कोषमा छ, हामी भने एक अर्ब डलर ऋण कसैले दिन्छ कि भन्दै हिंडिरहेका छौं । हामी भारतजस्तै प्रगति किन गर्न सक्दैनौं”– उनले प्रश्न गरे ।

हाल पाकिस्तान जटिल आर्थिक अवस्थामा परेको छ । विदेशी नियोगमा कार्यरत कर्मचारीलाई समयमैं तलबभत्ता निकासा गर्न इस्लामाबादलाई हम्मेहम्मे छ । पाकिस्तानको इतिहासमा आजसम्म नभएको मुद्रास्फीति पनि इस्लामाबादले झेलिरहेको छ ।

बेलायतमा निर्वासित जीवन बिताइरहेका पूर्वप्रधानमन्त्री शरीफ आगामी कात्तिक ४ गते स्वदेश फर्कने उनका भाइ एवं पूर्वप्रधानमन्त्री शेहवाज शरीफले बताएका छन् । रासस

### आजको राशिफल

| | |
|---|---|
| मेष – वादविवाद | वृष – व्यापारवृद्धि |
| मिथुन – शत्रुपराजय | कर्कट – कान्तिक्षय |
| सिंह – सुयश | कन्या – खर्चवृद्धि |
| तुला – धनलाभ | वृश्चिक – कर्मप्राप्ति |
| धनु – अलमल | मकर – रोगभय |
| कुम्भ – व्यापारवृद्धि | मीन – शत्रुभय |

ज्योतिषी पं. छविरमण सुवेदी, सि.सं.मा.वि.कलैया

### रानीघाट–पोखरिया बस समिति

भिस्वा– बिहान ७:४० बजे
भिस्वा– बिहान १०:०० बजे
भिस्वा– मध्याह्न १२:०० बजे
भिस्वा– दिउँसो १:३० बजे
दसौता– दिउँसो २:३० बजे
सेढवा– दिउँसो ३ बजे
देउरिया– दिउँसो ३:१५ बजे
भिस्वा– दिउँसो: ३:४० बजे

यहाँ स्तरीय छपाईसम्बन्धी सम्पूर्ण कार्य गरिन्छ ।
बिल, बूक, खाता | क्यालेन्डर, ब्रोसर, पोस्टर | विवाह कार्ड, लेटरप्याड
पुस्तक, डायरी | भिजिटिङ कार्ड | फ्लेक्स, ब्यानर
प्रतीक प्रकाशन समूह प्रा. लि. (अफसेट छापाखाना)
त्रिमूर्ति सिनेमा हल रोड, श्रीपुर, वीरगंज-११ (नेपाल), पोस्ट बक्स नं. ७९, फोन नं. ०५१-५२५१२२, ५२३१०५
email: prateekdaily@gmail.com, Website: eprateekdaily.com



**आलुखेती :** मुस्ताङको लोमान्थाङ गाउँपालिका–३ थिङ्गरका कृषकले सामूहिकरूपमा गरेको आलु खन्दै । लोमान्थाङ गाउँपालिकाको आर्थिक सहयोगमा ठेकार कृषक समूहले १३० रोपनी बाँझो जग्गामा सामूहिक आलुखेती गरेर आम्दानी लिन थालेका छन् । तस्वीरः रासस

## नेपालको आर्थिक वृद्धिदर यस वर्ष १.९ र आगामी वर्ष ४.३ प्रतिशत रहने एडिबीको अनुमान




तस्वीरः फाइल

काठमाडौं, ३ असोज/रासस

एशियाली विकास बैंक (एडिबी)ले नेपालको आर्थिक वृद्धिदर सन् २०२३ मा एक दशमलव नौ र सन् २०२४ मा चार दशमलव तीन प्रतिशत रहने प्रक्षेपण सार्वजनिक गरेको छ ।

एडिबीले ‘एशियन डेभलपमेन्ट आउटलुक, सेप्टेम्बर २०२३’ प्रतिवेदन सार्वजनिक गर्दै यो वर्षको तुलनामा आगामी वर्ष आर्थिक वृद्धिदरमा केही वृद्धि हुने अनुमान सार्वजनिक गरेको हो ।

त्यस्तै, नेपालमा सन् २०२३ मा मुद्रास्फीति सात दशमलव सात प्रतिशत रहने अनुमान एडिबीको छ ।

सन् २०२४ मा भने त्यो घटेर छ दशमलव दुई प्रतिशत कायम हुने प्रक्षेपण गरिएको छ ।

नेपालले वस्तु आयात गर्ने सबैभन्दा ठूलो मुलुक भारतमा सन् २०२४ मा मूल्यवृद्धि घट्ने अनुमान गरिएका कारण नेपालमा पनि त्यसको सकारात्मक प्रभाव

(बाँकी अन्तिम पातामा)

### संविधान दिवस ...

संस्थागत संरचना, जिम्मेवारीबोध र अठोट चाहिने उनीहरूको भनाइ छ । वरिष्ठ अधिवक्ता श्रेष्ठले मौलिक हकअधिकार प्रचलनमा नआउने हो भने लोकप्रियताका लागि मात्र संविधानमा लिपिबद्ध गरिएको ठहर्ने धारणा राखे ।

“संविधानले दिएको अधिकारबाट नागरिकलाई वञ्चित गर्न मिल्दैन, यसमा राज्य जिम्मेवार र उत्तरदायी बन्नुपर्छ,” उनले भने, “राज्यले पद्धतिमा सुधार ल्याउन आवश्यक छ, स्रोतसाधनको प्रबन्ध गर्नुपर्छ ।” मौलिक हकको कार्यान्वयन फितलो हुनुमा अनुत्तरदायी राज्य प्रणालीकै दोष रहेको वरिष्ठ अधिवक्ता श्रेष्ठले बताए ।

राज्य आराम गरेर बस्ने प्रवृत्तिको हुने जनाउँदै उनले नागरिक अधिकार प्राप्तिका लागि दबाब सिर्जना गर्नुपर्ने धारणा राखे । संविधानको व्यावहारिक र प्रभावकारी कार्यान्वयनका लागि आवश्यक ऐन/कानून निर्माणलाई तीव्रता दिइनुपर्ने वरिष्ठ अधिवक्ता श्रेष्ठले उल्लेख गरे ।

संविधानसभा सदस्य खड्काले संविधानको रक्षा र कार्यान्वयनमा सबै पक्ष जिम्मेवार हुनुपर्ने बताए । “ठूलो सङ्घर्ष र बलिदानपछि संविधानसभाबाट नयाँ संविधान बनेको हो, मौलिक हक र नागरिक अधिकारका दृष्टिले यो संविधान उत्कृष्ट छ,” उनले भने, “संविधानको सही कार्यान्वयन हुन नसके नागरिकले परिवर्तनको अनुभूति गर्न पाउँदैनन्, व्यवस्थाप्रति नै प्रश्न उठ्छ, यसमा हामी सबै सचेत रहनुपर्छ ।”

संविधानमा रहेका कतिपय मौलिक हकका प्रावधान महत्त्वाकाङ्क्षी जस्ता देखिए पनि लोककल्याणकारी राज्यले ढिलोचाँडो तिनको प्रत्याभूति दिनैपर्ने अधिकारीकर्मी बताउँछन् । मौलिक हकमा धारामा राजनीतिक, नागरिक, सामाजिक, आर्थिक, सांस्कृतिक लगायतका हकलाई लिपिबद्ध गरिएको छ । कानून व्यवसायी एवं अधिकारकर्मी राम शर्माले संविधानको आँखाबाट हेर्दा मौलिक हकको प्रावधान विश्वका समृद्धशाली देशकै हाराहारीमा रहेको बताए । “स्वास्थ्य, शिक्षा, रोजगार, आवासलगायत ३१ वटा मौलिक हकलाई संविधानले समेटेको छ,” उनले भने, “मौलिक हक भनेको कसैले हरण गर्न नसक्ने अधिकार हो, मानव अधिकारसँग जोडिएको विषय हो, राज्य यसको दायित्वबाट पन्छिन मिल्दैन ।”

प्रत्येक नागरिकलाई राज्यबाट निश्शुल्क स्वास्थ्य सेवा पाउने हक संविधानमा लेखिए तापनि सहज उपचार पाउन समस्या विद्यमान छ । संविधानको धारा ३५ को उपधारा १ मा रहेको स्वास्थ्यसम्बन्धी हकमा कसैलाई पनि आकस्मिक स्वास्थ्य सेवाबाट वञ्चित नगरिने उल्लेख छ ।

अधिवक्ता शर्माले नागरिकलाई रोजगार दिन नसके राज्यले बेरोजगार भत्ता दिनुपर्ने तर्क अघि सारे । “रोजगारको हकलाई संवैधानिकरूपमा किटान गरिएको छ, राज्यले रोजगार दिन सक्दिनँ भन्न पाउँदैन, बेरोजगार व्यक्ति कसैले चाह्यो भने राज्यविरुद्ध मुद्दा हाल्न सक्छ,” उनले भने ।

संविधानमा रोजगारको हक सुनिश्चित गरिए पनि कामकै खोजीमा नेपाली विदेश भौंतारिनुपर्ने अवस्था छ । संविधानको धारा ३० को उपधारा १ मा प्रत्येक नागरिकलाई स्वच्छ र स्वस्थ वातावरणमा बाँच्न पाउने हकको प्रबन्ध गरिएको छ ।

वायु प्रदूषणका साथै फोहर र त्यसको उचित व्यवस्थापन नहुँदा नेपालका शहरी क्षेत्रमा प्रदूषण बढ्दो छ । यस्तो स्थितिमा नागरिकको स्वच्छ वातावरणमा बाँच्न पाउने हक कसरी सुरक्षित हुन्छ ?

संविधानको धारा ३६ मा रहेको खाद्यसम्बन्धी हकमा कोही पनि नागरिक खाद्यवस्तुको अभावमा जीवन जोखिममा पर्ने अवस्थाबाट सुरक्षित हुने हक हुनेछ भनी लेखिएको छ । तर स्थिति त्यस्तो छैन । खाद्यवस्तुको अभावमा कैयन नेपालीको जीवन जोखिममा छ । मानिस भोकमरी झेल्न बाध्य छन् । सरकारकै प्रतिवेदन अनुसार झन्डै २० लाख जनसङ्ख्यामा खाद्य असुरक्षाको स्थिति छ । भोकमरी सूचकाङ्क सन् २०१९ ले नेपाल विश्वका ११७ देशमध्ये भोकमरीको ७३औं स्थानमा रहेको देखाएको थियो । यसरी संविधानले व्यवस्था गरेका कैयन मौलिक हकका प्रावधान नेपालको वस्तुस्थिति विपरीत छन् । शिक्षासम्बन्धी हकले प्रत्येक नागरिकलाई राज्यबाट आधारभूत तहसम्मको शिक्षा अनिवार्य र निश्शुल्क तथा माध्यमिक तहसम्मको शिक्षा निश्शुल्क पाउने हकको प्रबन्ध गरेको छ । हाम्रा शिक्षाका तथ्याङ्क भने चिन्ताजनक छन् । युनिसेफका अनुसार पाँचदेखि १२ वर्ष उमेर समूहका सात लाख ७० हजार बालबालिका अझै विद्यालय बाहिर छन् । प्रत्येक नेपालीले आफ्नो मातृभाषामा शिक्षा पाउने हकलाई समेत संविधानमा किटान गरिएको छ । तर त्यसको कार्यान्वयन कम चुनौतीपूर्ण छैन ।

उपभोक्ताको हक, भाषा, संस्कृतिको हक, श्रमको हक, सामाजिक न्यायसहितका मौलिक हक अझै उपभोग्य हुन सकेका छैनन् । अधिवक्ता शर्माका अनुभवमा मौलिक हकबाट वञ्चित हुनुपरेको भन्दै अदालतमा मुद्दा परेका घटना भने विरलै पाइन्छन् । नागरिकले पनि मौलिक हकका अन्तरवस्तुबारे यथोचितरूपमा बुझ्न नसकेको उनको ठम्याइ छ । “मौलिक हकको कार्यान्वयन नहुने हो भने संविधानको परिपालना गरेको ठहर्दैन, संविधानका प्रावधान हात्तीको देखाउने दाँत जस्तो हुनुभएन,” उनले भने ।

# पर्सागढी र बहुदरमाईमा संविधान दिवस मनाइयो



पर्सागढी र बहुदरमाई नपामा एमालेले आयोजना गरेको कार्यक्रम । तस्वीरः प्रतीक

बलिराम शुक्ला, बिरुवागुठी, ३ असोज/

पर्सागढी र बहुदरमाई नगरपालिकामा संविधान दिवसको अवसरमा नेकपा एमाले नगर कमिटीले बुधवार छुट्टाछुट्टै संविधान दिवस मनाएको छ ।

नेकपा एमाले पर्सागढी नगर कमिटी सचिव गोपालप्रसाद चौधरीको अध्यक्षतामा बडनिहारबाट मोटरसाइकल र्‍याली निकालेर पर्सागढी नपा कार्यालयमा पुगी कोणसभा गरेको थियो। कोणसभामा नेकपा एमालेका केन्द्रीय सदस्य अरविन्द सिंहले नेपाली जनताको त्याग, तपस्या र बलिदानीबाट निर्माण भएको संविधान सबैले मान्नुपर्ने बताए ।

कार्यक्रममा नगरप्रमुख तथा नेकपा एमाले मधेस प्रदेश कमिटी सदस्य गोकर्ण पाठक, सिकेन्द्र पटेललगायतले मन्तव्य व्यक्त गरेका थिए ।

यसैगरी, नेकपा एमाले बहुदरमाई नगर कमिटीले पनि संविधान दिवस मनाएको छ। नगर कमिटी अध्यक्ष प्रमोद कुशवाहाको अध्यक्षतामा भएको कार्यक्रममा केन्द्रीय सल्लाहकार शिव पटेल, जिसस उपसभापति पुरनप्रसाद कुर्मी, प्रदेश सदस्य अङ्गद साह, जिल्ला कमिटी सदस्य ध्रुव साहलगायतको सहभागिता थियो ।

# संविधान दिवसमा दीप प्रज्वलन




प्रस, बिरुवागुठी, ३ असोज/

नेपाली काङ्ग्रेस पर्सागढी नगर कमिटीले बुधवार संविधान दिवसको अवसरमा दीप प्रज्वलन गरेको छ ।

नगर कमिटी उपसभापति अच्छेलालप्रसाद यादवको सभापतित्वमा पर्सागढी नगरपालिका वडा नं १ को मनवा बजारमा कार्यक्रम सम्पन्न भएको हो ।

कार्यक्रम पूर्वनगरप्रमुख लोकनारायण यादव, पर्सा क्षेत्र नं २ क प्रदेश सहसचिव कमल चौधरीलगायतले मन्तव्य व्यक्त गरेका थिए ।

कार्यक्रममा जिल्ला सदस्य राजेश्वर यादव, मधेस प्रदेश महाधिवेशन प्रतिनिधि गोकर्ण मैनाली, सुन्दर मैनाली, क्षेत्रीय सचिव विनोद ठाकुर, सचिव अर्जुन गिरीलगायत स्थानीयवासीको सहभागिता थियो ।

कार्यक्रमको सहजीकरण बलिराम शुक्लाले गरेका थिए ।

# प्रमको पुतला दहन

प्रस, वीरगंज, ३ असोज/

नेपाल राष्ट्रवाद सङ्घ पर्साले संविधान दिवसलाई कालो दिनको रूपमा मनाउँदै आइसिपी भन्सारअगाडि प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डलगायतको पुतला दहन गरेको छ।

सङ्घका अध्यक्ष जनकलाल साहको अगुवाइमा प्रम प्रचण्ड, शेरबहादुर देउवा, केपी ओलीको पुतला दहन गर्दै संविधान २०७२ मुर्दाबाद, गणतन्त्र मुर्दाबादको नारा लगाइएको थियो ।

कार्यक्रममा सङ्घका पर्सा अध्यक्ष सङ्गीतादेवी साह, उमाशङ्कर कलवार, हरेराम रौनियार, सन्तोष गुप्ता, पृथ्वी झा, राधाकृष्ण चौहान, मदन ठाकुरलगायतको सहभागिता थियो ।

# नेपाल स्काउट पर्साकी सहायक जिल्ला आयुक्तको निधन

प्रस, वीरगंज, ३ असोज/

नेपाल स्काउट पर्साकी सहायक जिल्ला आयुक्त दिव्यलक्ष्मी शाक्यको हिजो राति हृदयघातका कारण निधन भएको पारिवारिक स्रोतले जनाएको छ ।

उनी उच्च मधुमेह र रक्तचापले लामो समयदेखि पीडित थिइन् । हिजो राति खाना खाएपछि अचानक छाती दुख्न थालेपछि अस्पताल लिएर जाने क्रममैं उनको निधन भएको थियो ।

प्रारम्भिककालदेखि नै स्काउटमा संलग्न विभिन्न पदमा काम गर्दागर्दै हाल नेपाल स्काउट पर्साको सहायक जिल्ला आयुक्त पदमा थिइन्। स्काउट परिवारले उनको पार्थिव शरीरमा स्काउटको झन्डा ओढाइ श्रद्धाञ्जलि व्यक्त गरेको थियो। पर्सा स्काउटका लागि अपूरणीय क्षति भएको जिल्ला तालीम आयुक्त अनन्तकुमारलाल दासले बताए ।

पेशाले शिक्षक र जेपी चतुर्वेदी विद्यालयको स्थापनाकालदेखि नै प्रधानाध्यापिका पदमा रहेकी उनी हाल सोही विद्यालयको व्यवस्थापन समितिकी अध्यक्ष थिइन् । समाजसेवी, मृदुभाषी, मिलनसार, इमानदार र कर्मठ शिक्षिकाको रूपमा विद्यार्थी र समाजमा लोकप्रिय रहेकी उनी नेपाल अपाङ्ग सङ्घ, पर्सामा पनि सक्रिय भूमिकामा थिइन् ।



## झन्डोत्तोलन र दीप ...

गरेका थिए। झन्डोत्तोलनमा नेपाल प्रहरीले सलामी अर्पण गरेको थियो ।

कार्यक्रममा नगरप्रमुख पुरीले लामो समयको सङ्घर्षपछि २०७२ असोज ३ गते जारी भएको संविधानको रक्षा गर्नु र यसका मूल मर्महरूलाई अक्षरशः पालना गर्नु राजनीतिक दल, जनप्रतिनिधि, कर्मचारी, पत्रकार, आम नागरिकको रहेको बताए ।

संविधानले हाम्रा धेरै हकअधिकार सुनिश्चित गरेको बताउँदै संविधानमा जायज मागहरूलाई सम्बोधन गर्न सकिने भएकोले सबै पक्षलाई समेट्दै मुलुकको सार्वभौमिकता र राष्ट्रिय अखण्डतालाई कायम राख्नुपर्ने बताए ।

कार्यक्रममा निजगढ–४ बागदेवस्थित शहीद हीरालाल पार्क परिसर र निजगढ–८ बुद्धचोकमा राष्ट्रिय झन्डा फहराइएको वडाध्यक्ष विशन सापकोटा र स्वर्ण लामाले बताए। उक्त कार्यक्रममा विभिन्न राजनीतिक दलका प्रमुख एवं प्रतिनिधि, कर्मचारी, स्थानीय सुरक्षा प्रमुख, पत्रकार लगायतको सहभागिता थियो ।

कार्यक्रममा स्वागत प्रमुख प्रशासकीय अधिकृत राजमणि निरौलाले गरेका थिए भने सञ्चालन अधिकृत रविन घिमिरेले गरेका थिए ।

## आजको कार्यक्रम

| सि.नं. | आयोजक | कार्यक्रम | स्थान | समय |
| --- | --- | --- | --- | --- |
| | | जानकारी आएन | | |




## नेपालको आर्थिक वृद्धिदर ....

देखिने अनुमान एडिबीको छ ।

अर्थतन्त्र सुधारोन्मुख देखिए पनि चुनौती भने कायमै रहेको जनाइएको छ। आर्थिक वृद्धिदर बढिरहेको र मूल्यवृद्धि सन्तुलनमा रहेको देखिए पनि नेपालमा जोखिम भने अझै बाँकी रहेको एडिबीका प्रमुख अर्थशास्त्री जान हनसेनले उल्लेख गरे ।

"मूल्य र बाह्य क्षेत्रमा केही स्थायित्व देखिए पनि वित्तीय चुनौती कायमै छन्। सन् २०२४ मा नेपालले आफ्नो कुल गार्हस्थ्य उत्पादनको दुई दशमलव चार प्रतिशत बराबर वित्त घाटा बेहोर्ने अनुमान गरिएको छ। यदि नेपालले लक्ष्य अनुसार राजस्व उठाउन सकेन भने यो अझ बढ्न सक्नेछ," उनले भने।

स्थिर मूल्यवृद्धि र पर्याप्त वैदेशिक मुद्रा सञ्चितिका कारण अहिले मुख्यगरी बाह्य क्षेत्र सन्तुलन र समग्र अर्थतन्त्रमा पनि सुधारका सङ्केत देखिन थालेका छन्। नेपाल राष्ट्र बैंकले चालू आवको मौद्रिक नीतिमार्फत सात प्रतिशतको नीतिगत दरलाई घटाएर साढे छ प्रतिशत बनाएको थियो। यसले ब्याजदर घटाउन सहयोग गर्ने र आर्थिक गतिविधिलाई चलायमान बनाउने देखिएको एडिबीले जनाएको छ।

घरजग्गा, थोक तथा खुद्रा व्यापार र सेवा क्षेत्रमा विस्तार हुन सके अर्थतन्त्र थप सुदृढ हुँदै जाने ठानिएको छ । यस वर्ष समयमा पानी पर्न नसकेका कारण पूर्वी तराईका जिल्लामा धान रोपाइँ ढिलो भएको थियो। यसले कृषि उत्पादन घट्न सक्नेतर्फ एडिबीले सङ्केत गरेको छ । त्यस्तै, पशु चौपायामा देखिएको लम्पी स्किन रोगका कारण पनि अर्थतन्त्रमा केही नकारात्मक प्रभाव देखिने पनि प्रतिवेदनमा उल्लेख छ ।

अहिले नेपालको अर्थतन्त्रमा बाह्य क्षेत्र जोखिम घट्दै गएको एडिबीको भनाइ छ। आयातमा केही कडाइ गर्नेगरी राष्ट्र बैंकले मौद्रिक नीतिमा केही व्यवस्था गरेपछि विदेशी मुद्रा सञ्चिति बढेर बाह्य क्षेत्र सन्तुलनमा आएको थियो । स्थिर विप्रेषण आप्रवाह र चर्को आयातका बीच सरकारको चालू खाता घाटा सन् २०२४ मा जिडिपीको एक दशमलव आठ प्रतिशत बराबर पुग्ने अनुमान एडिबीको छ ।

एशिया प्रशान्त क्षेत्रको आर्थिक वृद्धिदर सन् २०२३ मा चार दशमलव सात प्रतिशत र सन् २०२४ मा चार दशमलव आठ प्रतिशत रहने अनुमान एडिबीको छ। त्यस्तै यो क्षेत्रको मुद्रास्फीति सन् २०२२ मा चार दशमलव चार प्रतिशत रहेकोमा सन् २०२३ मा तीन दशमलव छ प्रतिशत र सन् २०२४ मा तीन दशमलव पाँच प्रतिशत अनुमान गरिएको छ ।

आन्तरिक माग बढ्दै गएको, पर्यटन क्षेत्र लयमा फर्किन थालेकोलगायतका कारण एशिया र प्रशान्त क्षेत्रमा अर्थतन्त्रको अवस्था सुधारोन्मुख रहेको एडिबीले जनाएको छ । यद्यपि उच्च ब्याजदर र खाद्य सुरक्षाको चुनौती भने कायमै रहेको प्रतिवेदनमा उल्लेख छ ।

# पत्रकार खानको उपचारका लागि नगरप्रमुखद्वारा ५० हजार सहयोग




प्रस, वीरगंज, ३ असोज/

फोक्सोरोगबाट पीडित पत्रकार नेहाल खानको उपचारका लागि नगरप्रमुख राजेशमान सिंहले रु ५० हजार सहयोग गरेका छन् ।

बुधवार बिहान अस्पतालमा पुगी नगरप्रमुख सिंहले रु ५० हजार व्यक्तिगतरूपमा सहयोग गरेका हुन्। चेक दिंदै नगरप्रमुख सिंहले पत्रकार र पत्रकारिताको सुरक्षाको लागि सदैव सहयोग गर्ने बताए । उनले उपचारका लागि आवश्यक पर्ने अन्य सहयोग पनिगर्ने बताए ।

नारायणी अस्पतालको आइसियूमा उपचार गराइरहेका पत्रकार खानकी पत्नी पनि क्यान्सर रोगबाट ग्रसित भई उपचार गराइरहेकी छन् । पतिपत्नी नै रोगबाट ग्रसित भएपछि उपचारको लागि सहयोग गर्न सञ्चारकर्मीहरूले अपील गरेका छन् ।

## शिक्षकहरूको शान्तिपूर्ण ...

गरिएको थियो।

सभामा नेपाल शिक्षक महासङ्घका प्रतिनिधि तथा शिक्षक पेशासँग आबद्ध संस्थाका प्रतिनिधिहरूले मन्तव्य व्यक्त गरेका थिए ।

शिक्षा विधेयकमा संशोधन आवश्यक रहेको तर शिक्षकको मानमर्यादाको ख्याल नगरी हेपाहा प्रवृत्ति राखेर संशोधन गर्न नदिने वक्ता शिक्षकहरूले बताए ।

निजामती कर्मचारीहरूलाई १० वटा ग्रेड दिने सरकारले शिक्षकलाई छवटा ग्रेड दिएको, वर्षौंदेखि शिक्षण पेशामा लगानी गरेका अस्थायी, करार, राहत, बालविकास शिक्षक तथा परिचरलाई सेवाबाट वञ्चित गर्नेलगायतका गलत विधेयक लागू गर्न नदिने वक्ताहरूले बताएका थिए। शिक्षामन्त्री निजी विद्यालयका सञ्चालक भएकाले सामुदायिक विद्यालयको गुणस्तर खस्काउने नीति लिएको वक्ताहरूले आरोप लगाए ।

विभिन्न समयमा शिक्षण पेशामा आबद्ध असन्तुष्ट पक्ष र सरकारबीच विभिन्न सहमति भएपनि केही पनि कार्यान्वयन नभएको शिक्षक प्रतिनिधिहरूको आरोप लगाए।

आन्दोलनको क्रममा विद्यालयमा पठनपाठन अवरुद्ध भएकोले बिदाका दिन अध्यापन गराइ भरपाई गरिने महासङ्घले जनाएको छ ।

# भारतीय राहदानीसहित बङ्गलादेशी पक्राउ

राजेश केशरीवाल, रक्सौल, ३ असोज/

भारत–नेपाल सीमाको रक्सौलबाट एकजना बङ्गलादेशी नागरिक पक्राउ परेको रक्सौल अध्यागमन विभागले जनाएको छ । उक्त बङ्गलादेशी नागरिकबाट भारतीय राहदानी बरामद भएको छ ।

राहदानीमा श्रवण बरुवा नाम उल्लेख रहेका उक्त व्यक्ति रक्सौल अध्यागमन विभागमा एनओसी लिन पुगेका थिए । अधिकारीलाई शङ्का लागेपछि चेकजाँच गर्दा उनी बङ्गलादेशी नागरिक भएको डिएसपी धीरेन्द्र कुमारले बताए। उक्त राहदानीबाट उनले मलेशिया, ताइवान, भियतनाम र म्यानमा भ्रमण गरिसकेका र यसपटक उनी काठमाडौं हुँदै दक्षिण कोरिया जानको लागि अध्यागमन विभागमा एनओसी लिन पुगेका थिए ।



पक्राउ परेका बङ्गलादेशी नागरिकमाथि अनुसन्धान भइरहेको डिएसपी धीरेन्द्र कुमारले बताएका छन्।

## नेपालको संविधानका विशेषता

- सार्वभौमसत्ता सम्पन्न नेपाली जनताबाट जारी भएको संविधान,
- नेपाली जनतामा निहित सार्वभौमसत्ता एवं राजकीय सत्ता,
- सङ्घीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्था,
- धर्मनिरपेक्ष राज्य व्यवस्था,
- मानव अधिकार र विधिको शासनको प्रत्याभूति,
- लोकतान्त्रिक मूल्य–मान्यतामा आधारित संविधान,
- समावेशीकरणको सिद्धान्तलाई आत्मसात् गरिएको,
- प्रत्यक्ष र समानुपातिक निर्वाचन प्रणाली,
- सङ्घ, प्रदेश र स्थानीय तहको एकल र साझा अधिकारको व्यवस्था,
- समाजवाद उन्मुख अर्थतन्त्र ।

नेपाल सरकार
विज्ञापन बोर्ड